उच्च शिक्षासम्बन्धी प्रस्तावित ऐनमा थप छलफल गर्न आग्रह | पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक २७३ • २०८० साल फाल्गुन १७ गते बिहीबार (29 Feburary, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# पहिलो दिनमै महतोको खुट्टा भाँच्चियो

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल परित्यागको घोषणा गरी काठमाण्डुमा पहिलो पटक गरेका प्रदर्शनमै राजेन्द्र महतोको खुट्टा भाँच्चिएको छ।



लेसपा छाडेर महतो राष्ट्रिय मुक्ति क्रान्ति अभियानका संयोजक बनेका छन् । उनी सोमबार अभियानको घोषणा गरेका थिए।

जिल्ला प्रशासन कार्यालय काठमाण्डुले निषेधित क्षेत्र घोषणा गरेको माइतीघर तर्फ जुलुस सहित बढ्न खोज्दा प्रहरीको लाठीले महतोको खुट्टा भाँच्चिएको छ।

प्रदर्शनको क्रममा महतो नेतृत्वको जुलुस भद्रकाली पुगेपछि प्रहरीले रोक्ने प्रयास गरेको थियो । प्रहरीलाई धकेल्दै अगाडि बढ्न खोजेपछि प्रहरीको लाठीले महतोको खुट्टामा गम्भीर चोट लागेको छ। उनको खुट्टाको उपचार काठमाण्डुको ट्रमा सेन्टरमा भएको अभियानका युवा नेता अनिल महासेठले बताए । 'खुट्टामा गम्भीर चोट लागेकोले ब्याण्डेज गरिएको छ 'उनले भने, प्रदर्शनको क्रममा प्रहरीले लछाडपछाड गरेपछि चोट लागेको हो। उनको हातमा पनि चोट लागेको महासेठले जनाएका छन्।

डिल्ली बजारबाट निस्केको जुलुस बागबजार हुँदै भद्रकाली पुगेपछि प्रहरीले रोकेको थियो । नेता महतोले निषेधित क्षेत्र तोड्न त्यस तर्फ अगडि बढ्ने प्रयास गरेका थिए।

राजतन्त्र र हिन्दू राष्ट्रको मूल मुद्दा लिएर प्रदर्शनमा उत्रेका दुर्गा प्रसाईँको विरोध कार्यक्रम गर्न नदिन जिल्ला प्रशासन कार्यालय काठमाण्डुले माइतीघर क्षेत्रमा निषेधाज्ञा लगाएको थियो । त्यो निषेधाज्ञा अझै पनि हटाइएको छैन । निषेधाज्ञा हटाउन दबाब दिँदै महतोले प्रदर्शन गरेका थिए। प्रदर्शनमा अपेक्षाकृत भीड न्यून रहेको बताइएको छ।

'बहुल राष्ट्रिय राज्य'स्थापनाको मागलाई मूल मुद्दा बनाएको अभियानका नेता महतोलाई लोसपा र जसपाका असन्तुष्ट नेताहरुले समेत साथ दिइरहेका छन्।

### नेपालमा भारतीय फोन-पेबाट भुक्तानी हुने

# अन्तरदेशीय डिजिटल क्यूआर सिस्टमले भारतीय पर्यटकलाई सहज

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल राष्ट्र बैंक र भारतीय रिजर्ब बैंकको संयुक्त प्रयासबाट भारतीय नागरिकले क्यूआर कोड स्केन गरी नेपालमा कारोबार गर्ने भएका छन्।

नेपाल र भारत बीच बुधबारदेखि अन्तरदेशीय 'डिजिटल क्युआर पेमेन्ट' सेवा सुरु भएको छ। यस अघि भारतीय नागरिकले नेपाल भ्रमणमा आउँदा नगद अथवा एटिएम बोकेर आउने बाध्यता थियो। क्यूआर कोड स्केनको सुविधासँगै नेपाल आउने भारतीय नागरिकका लागि धेरै नगद बोक्ने झन्झटबाट मुक्ति मिलेको छ।

नेपालमा एक सय दरको नोट मात्र वैध छ। सय बाहेकका भारतीय नोटको कारोबार नेपालमा अवैध रहेकाले नेपालमा लामो यात्रा गर्न चाहने भारतीयहरुलाई नोट बोक्न समस्या रहेको थियो।

भारतीय एटिएम कार्डबाट नेपालको एटिएम मेसिन अथवा स्वेब गर्न सहज हुने गरेको थियो । 'फोन-पे' सुचारु भएपछि नेपाल आउने भारतीय पर्यटकहरुका लागि झनै सहज भएको छ।

नेपालमा आउने भारतीय नागरिकले क्युआर मार्फत भुक्तानी गर्न सक्ने नेपाल राष्ट्र बैंकका निर्देशक गुरुप्रसाद पौडेलले सञ्चारकर्मीहरुलाई जानकारी दिएका छन्।

भारतबाट नेपाल आउने सेवाग्राहीले नेपालमा फोन-पे मार्फत क्युआर गर्न सक्ने छन्। भारतीय बैंकमा खाता भएका भारतीय नागरिकले नेपालमा क्यूआर कोडबाट भुक्तानी गर्न सक्ने छन् । सो अनुसार भारतीय बैंकका क्युआर मार्फत नेपालको फोन-पेमा क्युआर गरेर भुक्तानी गर्न सक्ने बताइएको छ।

यो सेवा भने सीमित रूपमा मात्रै चल्ने बताइएको छ । 'भारतका सीमित बैंकको क्युआर मार्फत फोन-पे गर्न मिल्ने गरी सेवा सुरु भएको पौडेलले बताएका छन्। गत जेठ महिनाको मध्यमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारत भ्रमणमा जाँदा अन्तरदेशीय भुक्तानी प्रणाली सुरु गर्ने सम्झौता भएको थियो।

- नेपालमा एक सय दरको नोट मात्र वैध छ । सय बाहेकका भारतीय नोटको कारोबार नेपालमा अवैध रहेकाले नेपालमा लामो यात्रा गर्न चाहने भारतीयहरुलाई नोट बोक्न समस्या रहेको थियो ।
- भारतीय एटिएम कार्डबाट नेपालको एटिएम मेसिन अथवा स्वेब गर्न सहज हुने गरेको थियो । 'फोन-पे' सुचारु भएपछि नेपाल आउने भारतीय पर्यटकहरुका लागि झनै सहज भएको छ ।

त्यसपछि, नेपाल राष्ट्र बैंक र रिजर्भ बैंक अफ इन्डियाले अन्तरदेशीय भुक्तानी प्रणाली अघि बढाउन सम्झौता गरेका थिए । सम्झौतामा अन्तरदेशीय भुक्तानी प्रणाली नेपालको नेशनल पेमेन्ट इन्टरफेस (एनपीआई) र भारतको युनिफाईड पेमेन्ट इन्टरफेस (यूपीआई) ले अघि बढाउने उल्लेख थियो।

फोन-पेका प्रमुख कार्यकारी अधिकृत दिवस सापकोटाले भारतका १० वटा बैंकका ग्राहकले नेपालमा क्युआर मार्फत भुक्तानी गर्न मिल्ने बताए। १३ वटा बैंकले क्युआरमार्फत भुक्तानीका लागि प्रस्ताव पठाइसके पनि ३ वटाको प्रस्तावलाई 'इनएबल' गर्न बाँकी रहेको उनले बताए। सुरुवातमा नै १३ बैंकको प्रस्ताव आएकाले भावी दिनमा थप बैंकबाट नेपालमा क्युआर गर्न मिल्ने छ।

नेपालमा भारतीय फोन-पेबाट भुक्तानी गर्न मिल्ने भए पनि नेपाली फोन-पेले हाल भारतमा भने काम नगर्ने बताइएको छ। नेपाली फोन-पे भारतमा काम गर्ने प्रकृया सुरु नभएको अधिकारीहरुले जनाएका छन्।

भारतीय पर्यटकहरु नेपाल आउँदा साथमा ल्याउने पाँच सय दरको नोटले समस्यामा समेत पर्ने गरेका छन्। पाँच सय दरको नोट नेपालको सीमावर्ती बजारहरुमा साट्दा भारतीय मुद्राको विनिमय दर भन्दा कममा लिने गरिन्छ। पाँच सय दरको नोट साट्दा नेपालमा ८ सय नेपाली हुनुपर्नेमा ७ सय ५० रुपैयाँमा नै लिने गरिन्छ।

भारत सरकारले हालै नेपालीहरुलाई भारतीय मोबाइलको सीमकार्ड लिन कानुनमा संशोधन गरेको थियो। संशोधित कानुन अनुसार अब नेपाली नागरिकले भारतीय सीमकार्ड नागरिकता, पासपोर्ट अथवा मतदाता परिचय पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

यसले नेपालीहरुलाई भारतमा उपचार, तीर्थ यात्रा, अध्ययनलगायतको क्रममा भारत बसाईमा मद्दत मिल्ने छ। यस अघि नेपाली नागरिकले सीमकार्ड पाउने प्रावधान थिएन।

भारतको फोन-पेबाट नेपालमा क्यूआर कोडबाट पेमेन्ट गर्न सक्ने भएकाले भारतीय पर्यटकहरुको संख्यामा बृद्धि हुने बताइन्छ। मुजफ्फरपुर स्थित दैनिक जागरणका वरिष्ठ पत्रकार एवं क्रस बोर्डर हार्मोनीका अध्यक्ष अमरेन्द्र तिवारीले भारतीय फोन-पे नेपालमा नचल्दा नेपाल बसाईलाई लम्बयाउन भारतीय पर्यटकलाई आर्थिक समस्या हुने गरेको बताए।






# विधायन समितिमा सम्पत्ति शुद्धीकरण विधेयकमा गहन छलफल



टुडे समाचारदाता

काठमाण्डु।राष्ट्रियसभाअन्तर्गत विधायन व्यवस्थापन समितिको बुधबारको बैठकमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि दफावार छलफल भएको छ।

विधेयकको मस्यौदामा प्रतिनिधिसभाअन्तर्गतको कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनले दिएका सुझाव र विधायन व्यवस्थापन समितिका सदस्यले पेस गरेका संशोधन प्रस्तावमा छलफल भएको समिति सभापति जयन्तीदेवी राईले बताए। विधेयकमाथिको दफावार छलफल समाप्त भएपछि समितिको सुझाव समेटेर राष्ट्रियसभामा पठाइनेछ।

उक्त विधेयक संसद्मा गत वर्षको माघमा दर्ता भएको थियो। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले दर्ता गराएको यो विधेयकमार्फत करिब डेढ दर्जन कानून संशोधन गर्न लागिएको छ। यो विधेयकमार्फत निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गर्न लागिएको छ।

यसैगरी, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४, पारस्पारिक कानूनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्रतण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ। मुलुकी अपराध संहिता २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा पनि विधेयकमार्फत संशोधनको प्रस्ताव गरिएको छ।

निकासी पैठारी (नियन्त्रण) ऐनमा संशोधन गरेर 'व्यापार पारदर्शिता एकाइ गठनको व्यवस्था राख्न लागिएको छ। यस्तो एकाइको व्यापारमा पारदर्शिता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने, सीमापार व्यापार व्यवसायसँग सम्बन्धित मूल्य, मात्रा, विवरण, कागजात वा सम्बन्धित विषयको मूल्याङ्कन गर्ने मुख्य काम रहनेछ। मालपोत ऐनमा संशोधन गरेर घरजग्गा सम्बन्धी कारोबार गर्न इजाजत लिनुपर्ने व्यवस्था राख्न विधेयकमा प्रस्ताव गरिएको छ। घरजग्गासम्बन्धी कारोबार गर्ने व्यक्ति तथा संस्थाको इजाजत र नवीकरणको काम सम्बन्धित स्थानीय तहबाट गर्नेगरी विधेयकमा प्रस्ताव गरिएको छ।

पानी जहाज ऐन, २०२७ मा सम्बोधन गरी सामुद्रिक डकैती (पाइरेसी) सम्बन्धी व्यवस्था थप्न राखिएको छ। त्यस्तै, पर्यटन ऐनमा क्यासिनोसँग सम्बन्धित व्यवस्था संशोधन गर्न लागिएको छ। क्यासिनोको इजाजत, नवीकरण, नियमन तथा सुपरीवेक्षणको समेत व्यवस्थासहित विधेयकको मस्यौदा तयार पारिएको छ। नेपाल राष्ट्र बैंक ऐनमा संशोधन रेर बचत तथा ऋणको कारोबार गर्ने संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम राष्ट्र बैंकको अधिकार क्षेत्रभित्र ल्याउन लागिएको छ। त्यस्तै, सहकारी ऐनमा संशोधन गरी व्यक्तिगत बचतको सीमा तोक्ने, सहकारी नियमनका लागि प्रदेश र स्थानीय तहको जिम्मेवारी तोक्नेलगायतका विषय राखिएका छन्। बीमा ऐन २०७९ मा संशोधन गरी 'बीमाङ्कीय मूल्याङ्कन गराउनुपर्ने' व्यवस्था थप गर्ने प्रयास भएको छ।

# छ महिनामा कर्तव्य ज्यान मुद्दाका चार सय छ अभियुक्त पक्राउ

टुडे समाचारदाता

काठमाण्डु। चालु आर्थिक वर्षको छ महिनाको अवधिमा कर्तव्य ज्यान मुद्दामा संलग्न पाँच सय २९ जनामध्ये चार सय छ जना पक्राउ परेका छन्।

तीमध्ये पुरुष तीन सय ६० र महिला ४६ जना छन्। तीमध्ये सात पुरुष र एक जना महिला विदेशी हुन्। जम्मा पक्राउ परेकामध्ये काठमाडौँ उपत्यका प्रहरी कार्यालयअन्तर्गत २२, कोशी प्रदेशमा ८५, मधेसमा ५८, बागमतीमा ३२, गण्डकीमा ३२, लुम्बिनीमा ७९, कर्णालीमा ४९ र सुदूरपश्चिम प्रदेशमा ४९ जना रहेका केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले रासससलाई जानकारी दिए।



उनका अनुसार चालु आर्थिक वर्षमा ७७ प्रतिशत अभियुक्त प्रारम्भिक अनुसन्धानकै चरणमा पक्राउ गर्न सफल भएको छ। अनुसन्धान निरन्तर चलिरहने भएको हुँदा अभियुक्त पक्राउ पर्ने संख्या बढ्दै जान्छ। आव २०७९/८० मा ७८, आव २०७८/७९ मा ७७, आव २०७७/७८ मा ७५, आव २०७६/७७ मा ८१ र आव २०७५/७६ मा ८२ प्रतिशत अभियुक्त पक्राउ गर्न सफल भएको थियो।

पछिल्लो पाँच वर्षको तथ्याङ्क विश्लेषण गर्दा कर्तव्य ज्यान मुद्दामा औषत ७९ प्रतिशत अभियुक्त पक्राउ परेका देखिएको छ। यसै सिलसिलामा सर्वश्वसहित जन्मकैद सजाय भएका फरार प्रतिवादी धादिङ ज्वालामुखीका ७० वर्षीय सूर्यबहादुर दवाडी २१ वर्षपछि गत माघ १ गते पक्राउ परे। उनलाई अंशसम्बन्धी झगडामा श्रीमती सानुमाया दवाडीको हत्या गरेको कर्तव्य ज्यानसम्बन्धी मुद्दामा विसं २०६१ जेठ ५ गते जिल्ला अदालत धादिङले सर्वश्वसहित जन्मकैद फैसला गरेको थियो।

यसैगरी कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बाँके नेपालगञ्जका ५५ वर्षीय मोहमद हाफिम खाँ १४ वर्षपछि मङ्सिर २० गते पक्राउ परे। उनलाई विसं २०६६ असार २२ गते जिल्ला अदालत बाँकेले १८ वर्ष कैद सजायको फैसला गरेको थियो। दवाडी र खाँ प्रतिनिधिपात्रमात्रै हुन्। उनीहरूजस्तै कर्तव्य ज्यानजस्तो जघन्य अपराधमा संलग्न तथा फरार व्यक्ति पक्राउ पर्ने क्रम जारी छ।

नेपाल प्रहरीले अनुसन्धानलाई निरन्तरता दिने र खोजतलासलाई तीव्र पारेका कारण यस्ता अपराधी पक्राउ गरी कानुनी दायरामा ल्याउन सफल भएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक ढकालले जानकारी दिए। यस प्रकार हरेक आर्थिक वर्षमा जघन्य अपराधको अनुसन्धानमा नेपाल प्रहरी सफल भएको देखिन्छ। यो सफलता प्राप्त हुनुमा प्रहरीको क्रियाशीलता नै प्रमुख कारण भएको नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले बताए।

उनले भने, "अनुसन्धान र खोजीकार्य निरन्तर रहने, चालु मुद्दाको अभियुक्त पक्राउ गर्न तथा अदालतको फैसला कार्यान्वयनका लागि प्रहरी कार्यालयले कार्ययोजना नै बनाई कार्यान्वयन गर्ने हुँदा चालु मुद्दाका फरार प्रतिवादी तथा पुराना मुद्दाका फरार प्रतिवादीलाई समेत पक्राउ गर्न नेपाल प्रहरी सफल भएको छ।" खुला सिमाना र विश्वव्यापीकरणका कारण केही त्यस्ता व्यक्ति फरार रहेको भएता पनि इन्टरपोलको सहयोगमा समेत केही फरार प्रतिवादीलाई पक्राउ गरी ल्याइएका प्रहरीले जनाएको छ। नेपाल प्रहरीको सूचना संयन्त्रको प्रयोग, प्रविधिको प्रयोग र योजनासहितको निरन्तरताको प्रयासका कारण कर्तव्य ज्यानलगायतका मुद्दाका प्रतिवादीमध्ये ठूलो प्रतिशतलाई पक्राउ गर्न सफल भएको छ भने यो पक्राउ दरलाई अधिकतम बनाउन प्रहरी सदैव क्रियाशील रहेको प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले जानकारी दिए।

उनका अनसार अपराध अनुसन्धानलाई थप व्यावसायिक तथा विशिष्टिकृत गर्न नेपाल प्रहरी कार्ययोजना, २०८० ले विभिन्न व्यवस्था गरेको छ। प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले कार्ययोजना लागू गर्नुभएपछि अपराध अनुसन्धानको जनशक्ति व्यवस्थापन गर्न सहज भएको छ। राष्ट्रिय अपराध सूचना संयन्त्र थप प्रभावकारी भएको छ।

यस क्षेत्रको अनुभव आदानप्रदान तथा क्षमता अभिवृद्धिमा टेवा पुगेको छ। समग्रमा कर्तव्य ज्यानलगायत अन्य अपराधका घटना न्यूनीकरण तथा प्रभावकारी अनुसन्धान हुनसकेको छ। विधि विज्ञान प्रयोगशाला, पोलिग्राफ शाखा, डिजिटल फोरेन्सिक ल्याब, डाटा सेन्टर, सिसिटिभी, केनाइन आदिले प्रमाणमुखी अपराध अनुसन्धानमा सघाउ पुगेको प्रहरीको भनाइ छ। विशिष्टिकृत अपराध अनुसन्धान एकाइको क्षमता विकास र प्रदेशस्तरमा विस्तार भई अनुसन्धान क्षमता र दायरा फराकिलो भएको र जसले समग्र अनुसन्धान क्षेत्रमा सकारात्मक प्रभाव पारी जुनसुकै अपराध गरी देश वा विदेशमा फरार व्यक्ति कानुनको पञ्जाबाट उम्किन नसकेका प्रहरीको दाबी छ।

"अपराध व्यक्ति, परिवार, समाज तथा देशको विकासका लागि बाधक हुन्छ। त्यस्ता अपराधको सफल अनुसन्धान गर्न र अपराधीलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सक्रिय छ। अपराध न्यूनीकरण गर्न प्रहरीका हरेक युनिटको कुशल परिचालन गरिएको केन्द्रीय प्रहरी प्रवक्ता ढकालले बताए। युनिटले चौबिसै घण्टा गस्ती, पेट्रोलिङ गर्नुका साथै आवश्यकतानुसार सचेतना कार्यक्रम गरिरहेका तथा योजना र नीतिको विश्लेषण र तर्जुमा गर्न राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका अन्य निकायसँग सहकार्य गरिएको छ। कुनै अपराधी नछुटोस् र कुनै निर्दोष व्यक्तिले सजाय नपाओस् भन्नेमा नेपाल प्रहरी सचेत भएर काम गरिरहेको छ", प्रवक्ता ढकालले भने।

आपराधिक घटनाको सफल अनुसन्धान हुनु भनेको उचित, प्रभावकारी एवं प्रमाणमुखी अनुसन्धान नै हो। यसलाई प्राथमिकतामा राखी न्याय सम्पादन गरेकै कारण सफलता मिलेको हो। यस कार्यलाई प्रविधिले निकै सघाएको छ। प्रमाण जुटाउन सहयोग गरेको उनको भनाइ छ। उनले भने, "प्रविधिको उच्चतम प्रयोगले अपराध अनुसन्धान एवं नियन्त्रणमा अहम् भूमिका निभाएको छ। वस्तुनिष्ट तथा प्रमाणमुखी सबुत सङकलनमा नेपाल प्रहरीले साधनस्रोत व्यवस्थापन तथा दक्ष जनशक्ति उत्पादनलाई जोड दिएको छ।"

# भित्तेपात्रो प्रकाशकलाई पञ्चाङ्ग निर्णायक समितिले मुहूर्त र साइत दिने

टुडे समाचारदाता

काठमाण्डु। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले विसं २०८१ का लागि भित्तेपात्रोको स्वीकृति लिने प्रकाशकलाई नेपाल सरकारले निर्णय गरेको सार्वजनिक बिदा, वर्षभरका चाडपर्वको सूची, विभिन्न साइत एवं मुहूर्तको सूची दिने भएको छ।




समितिले यसअघि २०७९ र २०८० सालका भित्तेपात्रो प्रकाशकले खोजेमात्र सार्वजनिक बिदा एवं साइत दिने गरेको थियो। यस वर्षदेखि भने सबैलाई अनिवार्यरुपमा स्वीकृति लिने क्रममै यस्तो विवरण दिने व्यवस्था गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले रासससलाई जानकारी दिए। भित्तेपात्रोको स्वीकृति दिँदा समितिले तोकेबमोजिम शुल्क पनि लिने गरेको छ।

समितिले विसं २०८१ का भित्तपात्रो स्वीकृति दिन सुरु गरेको जानकारी पनि उनले गराए। स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोलाई सरकारले अनुगमन गरी कारबाही गर्ने जनाइएको छ। समितिले देशभरबाट प्रकाशन हुने भित्तेपात्रोले अनलाइनबाटै निवेदन दिई शुल्क तिरेर स्वीकृति लिन सक्ने गरी व्यवस्था गरेको छ। अनलाइनबाट स्वीकृति लिनेले अनलाइनबाटै सरकारी बिदा, चाडपर्वको सूची र साइत पाउने व्यवस्था मिलाइएको छ।

मन्त्रिपरिषद्ले २०७७ साल पुस २० गते समितिको गठन आदेश स्वीकृत गरेको थियो। गठन आदेश २०७८ साउनमा नेपाल राजपत्रमा प्रकाशित भएपछि समितिले २०७९ सालदेखि भित्तेपात्रोमा एकरुपता होस् भनी स्वीकृति दिन थालेको हो। समितिको स्वीकृति नलिई प्रकाशन भएका भित्तेपात्रो अनुगमन गरी कारबाही गर्ने गरिएको छ।

समितिले भित्तेपात्रोलाई स्वीकृति दिएर विसं २०७९ मा रु २० लाख र विसं २०८० मा रु २२ लाख राजस्व उठाएको थियो। स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोको अनुगमन गर्न ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समिति गठन गर्न गृह मन्त्रालयले निर्देशन दिएको समितिले जनाएको छ। स्वीकृति नलिई प्रकाशन हुनेलाई जिल्ला प्रशासन कार्यालयले कारबाहीको दायरामा ल्याउन लागेको हो।

# उच्च शिक्षासम्बन्धी प्रस्तावित ऐनमा थप छलफल गर्न आग्रह

काठमाण्डु। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सार्वजनिक गरेको उच्च शिक्षासम्बन्धी कानुनलाई संशोधन गर्न बनेको ऐन, २०८० को मस्यौदालाई छलफल गरेर अघि बढाउन सुझाव दिइएको छ।



उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ, नेपाल (हिसान)ले सो विषयमा बुधबार आयोजना गरेको कार्यक्रममा पूर्वशिक्षामन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद देवेन्द्र पौडेलले मस्यौदा प्रारम्भिक प्रारम्भिक छलफलमा रहेकाले यसमा संशोधनको स्थान रहने बताउनुभयो। उहाँले सबै सरोकारवाला पक्षको धारणा प्राप्त भएपछि यसलाई परिपक्व बनाउन सरकार र संसद्ले भूमिका निर्वाह गर्ने स्पष्ट गर्नुभयो।

हिसानका अध्यक्ष रमेश सिलवालले मस्यौदामा हुनुपर्ने आधारभूत कुरा नभएको जिकिर गर्दै विवादित हुने गरी विधेयक नल्याउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "यो प्रस्तावित ऐनले नयाँ विश्वविद्यालय खोल्न देऊ, हामी गुणस्तरीय शिक्षा प्रदान गर्छौं भन्न नपाइने बनाउन खोजेको छ। विश्वविद्यालय वर्गीकरणमा स्पष्टता छैन।"

कानुनका जानकार युवराज सङ्ग्रौलाले विश्वविद्यालयको प्राण भनेको प्राज्ञिक स्वयत्तता हुनुपर्नेमा मस्यौदामा त्यस्तो व्यवस्था नभएको टिप्पणी गर्नुभयो।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा तीर्थराज खनियाँ, त्रिवि शिक्षा सङ्कायका डीन प्रकाशमान श्रेष्ठ, अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारी र प्रजातान्त्रिक प्राध्यापक सङ्घका प्रतिनिधि निर्मल सापकोटाले प्रस्तावित विधेयकमा थप छलफल आवश्यक भएको बताउनुभयो। रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



हुम्लाको सिमकोट गाउँपालिका-१,२ ठेहे गाउँमा लाग्ने चैतलो पर्वमा चैतलो खेल्दै स्थानीय महिला। चैतलो पर्वमा (फाक,चाची)का गीत गाउने गरिन्छ। *तस्बिर : रासस*

# उपनिर्वाचनका लागि मतदाता नामावली अद्यावधिक हुँदै

**टुडे समाचारदाता**

काठमाण्डु। निर्वाचन आयोगले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० स्वीकृत गरेको छ।

कार्यक्रमअन्तर्गत आयोगले यही फागुन २८ गते मतदाता नामावली आगामी चैत २२ गते अद्यावधिक गरी तयार गरिएको अन्तिम मतदाता नामावली प्रकाशन गर्नेछ। इलाम क्षेत्र २ को प्रतिनिधिसभा सदस्य र बझाङ (क) को प्रदेशसभा सदस्यको रिक्त पदमा उपनिर्वाचनको मिति निर्धारण भएको छ।

आयोगले मतदाता नामावलीमा रहेका त्रुटि सच्च्याउन, दोहोरो नाम हटाउन, मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन र झुठा विवरण दिई नाम समावेश भएको भए उजुरी दिन यही फागुन २९ गतेदेखि आगामी चैत ५ गतेसम्मको अवधि निर्धारण गरिएको छ।

प्राप्त निवेदन, सूचना र उजुरीउपर कानुनबमोजिम छानबिन गरी मतदाता नामावली अद्यावधिक गरिने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा बुधबार जारी विज्ञप्तिमा जनाइएको छ।

# आयोजक टिम विजयी

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा जारी रहेको प्रथम मदन भण्डारी कप राष्ट्रिय महिला हक्की प्रतियोगितामा आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमी विजयी भएको छ।



एकेडेमीले मधेश प्रदेशलाई ३-१ गोलले हराएको थियो। विजयी टिमका लागि 'प्लेयर अफ दि म्याच' मधु राईले दुई तथा शोभा शर्माले एक गोल गरेकी थिइन् भने मधेशकी शुभम्ले एक गोल गरिन्।

सो प्रतियोगिताको अन्य खेलमा सुदूरपश्चिम प्रदेश र नेपाल आर्मीले जिते। सुदूरपश्चिमले गण्डकी प्रदेशलाई ३-० गोलले हराएको थियो। सुदूरपश्चिमका लागि 'प्लेयर अफ दि म्याच' सञ्जनाकुमारी भारतीले दई तथा नमिता एसकेले एक गोल गरिन्। आर्मीले कोशी प्रदेश माथि ६-० गोलको जित निकालेका थियो। आर्मीको जितमा दम्मरा भट्ट, सरस्वती तामाङ, सीतामाया बालाक्लाभा, कमला चन्द, ममता भट्ट र सीमा खड्काले गोल गरिन्। दम्मरा भट्ट 'प्लेयर अफ दि म्याच' भइन्।

फागुन १९ गतेसम्म चल्ने प्रतियोगितामा कर्णालीबाहेक ६ प्रदेश, नेपाली सेना तथा आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमी गरी आठ टोलीको सहभागिता रहेको छ।

सो प्रतियोगिताको उपाधि विजेता टोलीलाई एक लाख ५० हजार रुपैयाँ, उपविजेतालाई एक लाख रुपैयाँ र तेस्रो हुने टोलीलाई ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। उत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने समेत एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले बताए।

# 'विकासका साझेदारहरूसँग मिलेर काम गर्न नेपाल तत्पर छ'

**टुडे समाचारदाता**

काठमाण्डु। वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतोले नेपाल सरकार र यसका विभिन्न निकायबाट संरक्षणको क्षेत्रमा हासिल भएका उपलब्धिको रक्षा गर्न प्रतिबद्ध रहेको बताएका छन्।

केन्याको नैरोबीमा मङ्गलबारदेखि सुरू भएको 'युनाइटेड नेसन्स इन्भारमेन्ट एसेम्बली'को उद्घाटन सत्रमा मन्त्री महतोले नेपाललाई संरक्षणको क्षेत्रमा लामो समयदेखि सहयोग गर्दै राष्ट्रसङ्घीय पद्धति, विश्व वन्यजन्तु कोषलगायत विकासका साझेदारसँग सहकार्य गर्न तत्पर रहेको बताए।

मन्त्री महतोको निजी सचिवालयका अनुसार नेपालको विकासका साझेदार तथा वातावरण संरक्षणमा सक्रिय संयुक्त राष्ट्रसङ्घलगायत बहुपक्षीय निकायसँगको सहकार्यमा 'पारिस्थितिक प्रणाली पुनःस्थापनाका दशक' कार्यक्रममा नेपाललाई सफलता मिलेको उल्लेख गर्दै मन्त्री महतोले यो सफलताले मानव-वन्यजन्तु द्वन्द्वमा चुनौती पनि खडा गरेको टिप्पणी गरे। उनले वासस्थानको पुनःस्थापनाको परिणामस्वरूप नेपाल पछिल्ला दशकमा बाघ र गैंडाको संख्यामा उल्लेख्य वृद्धि गर्न सफल भएको बताए।

साथै मन्त्री महतोले देशको विकाससम्बन्धी आवश्यकताहरू पूरा गर्दै जलवायु परिवर्तनको सामना गर्दा मानव र प्रकृति एकसाथ रहनसक्ने सुनिश्चित गर्न विश्वव्यापी साझेदारहरूसँग मिलेर काम गर्न नेपाल तत्पर रहेका बताए।

# न्यायपालिका स्वाभाविक लय र गतिमा हिँड्न थालेको छ : प्रधानन्यायाधीश श्रेष्ठ

**टुडे समाचारदाता**

जनकपुरधाम। सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायपालिका अहिले स्वाभाविक लय र गतिमा हिँड्न थालेको बताउनुभएको छ। उच्च अदालत जनकपुरधामद्वारा बुधबार जनकपुरधाममा आयोजित फरक मुद्दा व्यवस्थापन र यसको कार्यान्वयनको अवस्थासम्बन्धी अन्तरक्रियालाई सम्बोधन गर्दै प्रधानन्यायाधीश श्रेष्ठले न्यायापालिकाको जिम्मेवारीमा रहेका सबैको सामूहिक प्रयास र प्रतिबद्धतापछि न्याय क्षेत्रमा सकारात्मक अवस्था सृजना भएको बताए।



उनले संविधान, आम नागरिक र राष्ट्रपतिको न्यायपालिकाप्रतिको अपेक्षा स्वच्छ, निष्पक्ष, छिटोछरितो, गुणस्तरीय एवम् प्रभावकारी न्याय सम्पादन हुनुपर्छ भन्ने रहेकाले सोहीअनुसार क्रियाशील हुन निर्देशनसमेत दिए। "मुद्दाको फछ्र्यौट र बक्यौता न्यूनीकरणलाई वाञ्छितस्तरमा नल्याएसम्म सुधारका प्रयासले सार्थकता पाउन सक्दैनन्। न्याय सम्पादन र व्यवस्थापकीय पक्षमा सुधारका लागि अन्य थुप्रै प्रयास भइराखेका छन्। तिनलाई निरन्तरता दिने, नतिजामूलक बनाउने, संस्थागत गर्ने भूमिका र जिम्मेवारी हामी सबैको हो", प्रधानन्यायाधीश श्रेष्ठले भने, "मैले जिम्मेवारी सम्हालेदेखि नै न्यायिक सुधारका विभिन्न पक्षमा आफूलाई केन्द्रित र समाहित गर्दै आएको छु। न्यायिक सुधारप्रति सबैको स्वामित्व र प्रतिबद्धता पनि देखिएको छ। सुधारका सङ्केत पनि देखिएका छन्। त्यसमा यहाँहरू सबैको सत्प्रयास र प्रतिबद्धता जरुरी छ।"

कार्यबोझ र बक्यौताको दृष्टिकोणबाट बढी चुनौतीपूर्ण अवस्था रहेको सर्वोच्च अदालतमा केही समयदेखि नयाँ दर्ताको तुलनामा बढी मुद्दा फछ्र्यौट गर्ने नीतिअनुसार काम भइरहेकाले बक्यौता मुद्दाको लगत क्रमशः घट्दै गएको पनि उनले जानकारी दिए। प्रधानन्यायाधीश श्रेष्ठले सर्वोच्च अदालतलगायत सबै तहका अदालतमा रिक्त न्यायाधीशको पदपूर्ति गरिएकाले मुद्दा फछ्र्यौटले थप गति लिने विश्वास रहेको बताए। उनले उच्च अदालतको पछिल्लो नियुक्तिको कारण जिल्ला न्यायाधीश रिक्त हुन पुगेकामा त्यहाँ पनि पदपूर्तिको प्रक्रिया अगाडि बढिसकेको जानकारी दिए।

सर्वोच्च अदालत र उच्च अदालतमा मुद्दामा पेसी तोक्ने कार्यलाई स्वचालित पद्धतिमा आधारित बनाइएकाले राम्रो नतिजा दिइराखेकाले अब छिट्टै जिल्ला अदालतमा पनि सो पद्धति लागू गर्ने तयारी भइरहेको पनि उनले जानकारी दिए। त्यसैगरी, भौगोलिक कारणबाट अदालतमा भौतिकरूपमा उपस्थित हुँदा लाग्ने खर्च र समयको बचत गर्न अनलाइन बहस पैरवी गर्ने पद्धतिलाई थप विस्तार गर्न जुम्ला इजलास, धनकुटा इजलास, महेन्द्रनगर इजलास र हेटौंडा इजलास गरी चार स्थानमा भिडियो कन्फरेन्सिङमार्फत बहस पैरवीको व्यवस्था गरिसकिएको र अब त्यसलाई व्यवस्थित गर्दै लगिने श्रेष्ठको भनाइ छ।

सूचना र प्रविधिको प्रयोगमार्फत न्यायप्रणालीलाई सहज, सुलभ र छिटोछरितो बनाउन मुद्दाको अनलाइन रजिष्ट्रेसनको कार्य सर्वोच्च अदालतमा नमूनाका रुपमा प्रारम्भ गरी क्रमशः विस्तार गर्दै लैजाने तयारी अन्तिम चरणमा रहेको छ। त्यस्तै, अनुचित लेनदेनबाट धेरै नागरिक समस्यामा परेको विषयका मुद्दा अदालतमा आउँदा इमान्दारितापूर्वक न्याय दिने मनसायका साथ हेर्नुपर्ने आवश्यकताका बारेमा पनि सचेत रहन सबैलाई प्रधानन्यायाधीश श्रेष्ठले ध्यानाकर्षण गराए।

कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार देवेन्द्रराज ढकालले न्याय सम्पानलाई थप प्रभावकारी र छिटोछरितो बनाउन आवश्यक कर्मचारी प्रशासन, भौतिक पूर्वाधार र बजेट व्यवस्थापनको कामलाई पनि सँगसँगै अगाडि बढाइएको बताए। उनले न्यायसम्पादनका लागि स्रोतसाधनको अभाव हुन नदिने गरी प्रधानन्यायाधीश र उनको निर्देशनमा आफूहरू क्रियाशील भइरहेकाले आगामी आर्थिक वर्षमा त्यसको सुखद परिणाम देखिने बताए।

"अब अदालत उधारोमा चल्ने अवस्था आउँदैन। यहाँहरूका माग र मुद्दाका विषयमा हामी सबै सचेत छौँ। त्यसैले दत्तचित्त भएर न्याय सम्पादनलाई जनमुखी बनाउने गरी काम गर्नुहोला", मुख्य रजिष्ट्रार ढकालले भने। त्यसअवसरमा उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य न्यायाधीश वामदेव ज्ञवालीले देशमै धेरै जनसंख्या बसोबास गर्ने मधेश प्रदेशमा कर्मचारीले मुद्दाको चापमा काम गरिरहनुपरेकाले समस्या भइरहेको बताए। उनले यहाँ मुद्दाको चापअनुसार कर्मचारी व्यवस्थापन, प्रोत्साहन नीति र स्रोतसाधनको बन्दोबस्त गर्न न्यायपालिकाले विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याए।

त्यसैगरी, जिल्ला न्यायाधीशका तर्फबाट धनुषा जिल्ला अदालतका न्यायाधीश चुरामान खड्काले एकातिर मुद्दाको चाप र अर्कोतिर कर्मचारी तथा स्रोतसाधनको अपर्याप्त उपलब्धताले न्यायसम्पादनमा चुनौती थपिरहेकोतर्फ प्रधानन्यायाधीशको ध्यानाकर्षण गराए। कार्यक्रममा मधेश प्रदेशका आठै जिल्ला अदालतबाट आएका जिल्ला न्यायाधीश र उच्च अदालतका न्यायाधीश एवं प्रतिनिधिले प्रधानन्यायाधीश र सर्वोच्च अदालत नेतृत्वको निर्देशन र नीतिअनुरूप आफूहरूले काम गरिरहे पनि उच्च तथा जिल्ला अदालतको प्रशासनिक तथा न्याय सम्पादनसँग जोडिएका आधारभूत समस्या समाधान गर्न विशेष ध्यान दिन आग्रह गरे। त्यस्ता समस्या समाधान नभएमा चाहेर पनि निर्धारित लक्ष्य हासिल गर्न कठिनाइ हुने उनीहरूको भनाइ थियो।

# सुरक्षा चुनौती आकलन गर्न रक्षामन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु। उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले बाह्य तथा आन्तरिक कारणबाट राष्ट्रिय सुरक्षामा देखापर्न सक्ने चुनौतीको आकलन गर्न जरुरी रहेको बताएका छन्।

नेपाली सेनाको आयोजनामा बुधबारदेखि यहाँ सुरु भएको पृतनापति समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै उनले भू राजनीतिक अवस्थिति, शक्ति राष्ट्रको रणनीति र प्रतिष्पर्धा, भिन्न सिद्धान्त र राज्य व्यवस्था भएका छिमेकीको विश्व मञ्चमा बढ्दो उपस्थितिलगायत विषयले सुरक्षा वातावरणमा चुनौती थपेको बताए।

उपप्रधानमन्त्री खड्काले आन्तरिक रुपमा विभिन्न स्वार्थ प्रेरित व्यक्ति र समूहको धार्मिक र सामाजिक सद्भाव विथोल्ने एवं साम्प्रदायिक गतिविधिको सूक्ष्म विश्लेषण गर्दै सुरक्षा चुनौतीको समाना गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताउनभुयो। राष्ट्रिय सुरक्षामा विद्यमान चुनौतीका बारे छलफल गरी त्यस्ता चुनौतीको सामना गर्ने उपायहरू पहिल्याउन बैठक उपयोगी हुने विश्वास उनले व्यक्त गरे।




नेपाली सेनाले विभिन्न परिस्थितिमा सीमित स्रोत तथा साधनको अधिकतम उपयोग गर्दै मुलुक र माटोका लागि गरेको त्याग प्रशंसनीय रहेको उल्लेख गर्दै रक्षामन्त्री खड्काले सेनाको साहस तथा पराक्रमको राष्ट्रिय र अन्तर ाष्ट्रिय स्तरमा सकारात्मक चर्चा हुने गरेको स्मरण गरे। जाजरकोट भूकम्पलगत्तै खोज, उद्धार एवं राहत कार्यमा सेनाले प्रदर्शन गरेको सक्रियताको आफू स्वयं साक्षी रहेको बताउँदै उनले सेनालाई पर्याप्त स्रोत साधनको व्यवस्था गर्दै उच्च व्यावसायिकता कायम राख्न सरकार र आफ्ना तर्फबाट पूर्ण प्रतिबद्धता प्रकट गरे।

> रक्षामन्त्री खड्काले नेपाली जनताको तीव्र विकासको अपेक्षा पूरा गर्न राष्ट्रिय गौरवको काठमाडौँ-तराई/मधेस द्रुतमार्गलगायत विकटका बस्ती जोड्ने सडक आयोजनाको जिम्मेवारी सरकारले सेनालाई सुम्पिएको बताए। जटिल भू-बनोट भएका दुर्गम इलाकामा विकास निर्माणका थप जिम्मेवारी नेपाली सेनालाई प्राप्त हुनसक्ने उनले बताए।

रक्षामन्त्री खड्काले नेपाली जनताको तीव्र विकासको अपेक्षा पूरा गर्न राष्ट्रिय गौरवको काठमाडौँ-तराई/मधेस द्रुतमार्गलगायत विकटका बस्ती जोड्ने सडक आयोजनाको जिम्मेवारी सरकारले सेनालाई सुम्पिएको बताए। जटिल भू-बनोट भएका दुर्गम इलाकामा विकास निर्माणका थप जिम्मेवारी नेपाली सेनालाई प्राप्त हुनसक्ने उनले बताए।

उपप्रधानमन्त्री खड्काले निर्धारित लागत तथा समयसीमाभित्रै यस्ता आयोजना सम्पन्न गर्नेतर्फ सम्बद्ध सबै पक्ष संवेदनशील भएर लागिपर्ने विश्वास व्यक्त गरे। संविधान प्रदत्त एवं राज्यले आवश्यक ठानेका अन्य जिम्मेवारीको निर्वाहमा नेपाली सेना सदैव अब्बल रहिआएको उल्लेख गर्दै उनले शान्ति स्थापनार्थ खटिने राष्ट्रको शीर्ष स्थानमा रहेको नेपाल र नेपाली सैनिकका बारेको प्रशंसाबाट सिङ्गो मुलुक गौरवान्वित भएको बताए। उनले नेपाली सेनालाई सबल र समयानुकुल बनाई राख्न आवश्यक कानूनी प्रावधानको तर्जुमा तथा विद्यमान कानूनी प्रावधानलाई अद्यावधिक गर्नेतर्फ प्राथमिकताका साथ काम भइरहेको जानकारी दिए।

प्रधानसेनापति प्रभुराम शर्माले नेपालको संविधानले निर्दिष्ट गरेका जिम्मेवारी तथा राष्ट्रिय सुरक्षा नीतिले औँल्याएका कार्यसँगै पर्यावरण संरक्षण, विपद् प्रतिकार्य, विकास- निर्माण, महामारी नियन्त्रण, विश्व शान्ति स्थापना, आन्तरिक द्वन्द्व तथा अपरम्परागत सुरक्षा चुनौतीको सामना गर्न हरपल तयारी अवस्थामा रहनुपर्ने बताए।

प्रधान सेनापतिले परम्परागत र अपरम्परागत खतराद्वारा सिर्जित सुरक्षा चुनौतीलाई सम्बोधन गर्नु बुधबारको मुख्य आवश्यकता रहेको हुँदा सोहीअनुरुप तयारी अवस्थामा रहन एवं राष्ट्रिय सुरक्षा र स्थायित्वसँग सरोकार राख्ने विभिन्न विषयमा छलफल गर्न बैठक फलदायी हुने विश्वास व्यक्त गरे।

सैनिक जनसम्पर्क निर्देशनालयका अनुसार वर्तमान राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षा परिस्थितिको विश्लेषण गर्दै प्रधानसेनापतिले नेपालको सीमाना भन्दा धेरै टाढा भइरहेका रुस तथा युक्रेनबीचको युद्ध, इजरायल तथा हमासबीचको युद्धलगायत गतिविधिले नेपालको आर्थिक तथा सामाजिक जीवनमा परिरहेको प्रभावले भूमण्डलीकरणको असरलाई प्रतिविम्बित गरेको बताए।

बैठकमा सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखका साथै पृतनापतिको सहभागिता थियो। बैठकमा सहभागीले आ-आफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति, सम्पादन गरेका कार्यको समीक्षा एवं सुझाव प्रस्तुत गर्ने कार्यक्रम छ।

# व्यवसायीलाई ढुक्क भएर लगानी गर्न अर्थमन्त्रीको आग्रह

**टुडे समाचारदाता**

नवलपरासी। अर्थमन्त्री डा प्रकाशशरण महतले उद्योग व्यवसायीलाई ढुक्क भएर लगानी गर्न आग्रह गरेका छन्।

उद्योग वाणिज्य सङ्घ नवलपरासीले सदरमुकाम परासीमा आयोजना गरेको औद्योगिक व्यापार मेला-२०८० को उद्घाटन गर्दै मन्त्री डा महतले राजस्व सङ्कलन, बाह्य पर्यटकको संख्या बढेको र मूल्यवृद्धि घट्दो अवस्थामा भएकाले नेपालमा लगानीमैत्री वातावरण बन्दै गएको बताए।

"मैले अर्थ मन्त्रालयको जिम्मेवारी लिँदा मुलुकको अर्थतन्त्र निकै कमजोर हालतमा थियो, अहिले अर्थतन्त्र जोखिममुक्त छ", मन्त्री डा महतले भने। यसअघिको सरकारले बजेटको सुनिश्चितता बिना आयोजनाको उद्घाटन गर्दै सुरु गरेकाले अर्थतन्त्रमा समस्या देखिएको उनको भनाइ थियो। पश्चिम नवलपरासीको महेशपुर भन्सार नाका मूल भन्सारमा परिणत भए पनि लक्ष्यअनुसार राजस्व संकलन नभएको उल्लेख गर्दै मन्त्री डा महतले राजस्व वृद्धिका लागि क्वारेन्टाइन र सडक पूर्वाधार विकासका लागि आगामी आवको बजेटमा समावेश गरिने आश्वासन दिए।

मेलामा बाल उद्यानलगायत विभिन्न क्षेत्रसँग सम्बन्धित एक सय ५० कक्ष रहेका छन्। मेला यही फागुन ३० गतेसम्म चल्ने छ। पश्चिम नवलपरासी आउनुभएका मन्त्री डा महतले बुधबारै पाल्हीनन्दन गाउँपालिका-१ महेशपुर भन्सारको समेत निरीक्षण गरे। सो अवसरमा उनले भन्सारलाई थप सुविधा सम्पन्न बनाउन पहल गर्ने बताए।

महेशपुर नाकालाई प्रमुख नाकाको रुपमा विकास गर्न कदम चाल्ने मन्त्री डा महतले उल्लेख गरे। मूल भन्सारको रुपमा प्रवाह गर्न जग्गाको अभाव रहेको उल्लेख गर्दै उनले यसबारे प्रस्ताव पेस गरी प्रक्रिया अघि बढाइने उनले बताए। मन्त्री डा महतले जिल्लास्थित सुरक्षा निकायलाई गैरकानुनी आयात तथा निर्यातमा रोक लगाउन सुझाव दिएका छन्। यसबाट सरकारलाई राजस्व उठाउन सहज हुने उनले उल्लेख गरे।


**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धीको सार्वजनिक सूचना**

जिल्ला सर्लाही साबिक विष्णुपुर वडा नं. २ (क) हाल मलंगवा न.पा. वडा नं. ४ को कि.नं. ३७१, २७१, ३७२, ३३०, ३६१, ७४५, ७४२, ४४३ को क्षेत्रफल ०-१८-१०-१/२ मा प्लाईउड, डोर कोर-फाली भेनियर तथा काठको विविध सामग्री उत्पादन गर्ने उद्देश्यले संचालित जय बजरंग प्लाईउड ई. प्रा.लि. उद्योगबाट त्यस क्षेत्रको सामाजिक आर्थिक, सांस्कृतिक, जैविक, भौतिक आदि क्षेत्रमा तथा त्यसका अवयहरुमा कुनै किसिमको प्रतिकुल प्रभाव पर्ने देखिएमा सरोकारवाला व्यक्ति वा संस्थाले निम्न अनुसारको ठेगानामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सुझाव दिन वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ अनुसार प्रारम्भिक वातावरणीइ परिक्षण (IEE) प्रतिवेदन गर्ने योजनाको लागि यो सूचना प्रकाशित गरिएको छ।

**राय सुझाव दिने ठेगाना**

१. मलंगवा न.पा.को कार्यालय
२. मलंगवा न.पा. वडा नं. ४ को कार्यालय
३. घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही
४. उद्योग विभाग, काठमाण्डौं।

**प्रस्ताव**
**जय बजरंग प्लाईउड ई. प्रा.लि.**
**मलंगवा न.पा., वडा नं. ४**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# छानबिन गरी कारबार्वाही गर

गैर सरकारी संस्था चलाएर ब्रम्हलुट मचाएको आरोप झेल्दै आएका राजकुमार महतो सर्लाही जिल्लाको पर्सा गाउँपालिकाकाको अध्यक्ष भएदेखि भारी आर्थिक अनियमितता गरेको आरोप खेप्नु परिरहेको छ । पर्सा गाउँपालिकाका अध्यक्षमा निर्वाचित भएका महतोसित पालिकाका बहुमत सदस्यहरुले गत आर्थिक वर्षमा भएको कामकाजको विवरण, आयव्यय ,कर्मचारी भर्नालगायतको विवरण माग गरेका हुन् । तर महतोले विवरण उपलब्ध गराउन अस्वीकार गरेपछि कार्यालयमा तालाबन्दी गरिएको छ । अध्यक्ष महतोले यस अघि बालिका भेलाको नाममा ६० लाख खर्च गरिने योजना बनाए पछि व्यापक विरोध भएसंगै रोकिएको थियो । पालिकाको अधिकांश योजनामा चरम अनियमितता भएको आरोप बहुमत सदस्यहरुको छ । कागजमै योजनाहरु सीमित गरी बजेट सिध्याइएको आरोप अध्यक्ष महतोमाथि लगाइएको छ। पालिकाको विकासभन्दा व्यक्तिगत विकासमा केन्द्रित रहेकाले सर्वसाधारण मारमा परेको आरोप लगाइएको छ। गत आर्थिक वर्षदेखि नै विवाद र भ्रष्टाचारमा मुछिएका महतोको कृयाकलाप र उनले पालिकामा गरेका कामकाजहरुको सम्बन्धित निकायले छानबिन गरी आवश्यक कारबाही गर्न आवश्यक छ । सर्लाही जिल्लाको प्रसिद्ध नारीमन तालको ऐतिहासिकतालाई समाप्त गरेको र आर्थिक अनियमितता गरेको आरोप पनि उनी माथि लागेको छ । अध्यक्ष महतोको कारण पालिकाको सम्पूर्ण विकास निर्माणलगायतका कामकाज ठप्प भएको छ। एनजीओमा काम गरेका महतोले विकास निर्माणमा बाधक बन्नु हुँदैन। उनले पर्सा गाउँपालिकाको बृहत्तहितलाई दृष्टिगत गरी पद त्याग गर्नु उपयुक्त हुनेछ । आफूलाई विकासप्रेमी भएको साबित गर्न पनि उनले राजीनामा दिएर पर्साको विकासको गतिका लागि मार्ग प्रशस्त गर्नुपर्छ । जनताले चुनेको विश्वासलाई कायम राख्न असफल भएपछि राजीनामा दिनु नै उपयुक्त हुनेछ । आफ्नै पालिकाका बोर्ड सदस्यहरुको विश्वास आर्जन गर्न पूर्णरुपमा असफल भएका महतोले पालिकालाई बन्धक बनाएर राख्नु हुँदैन। यस अघि पर्सा गाउँ पालिकामा यस प्रकारको विवाद देखिएको थिएन। विकास निर्माणमा साझेदारी गर्न चाहने वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुलाई विश्वासमा लिन नसक्नु अध्यक्षको पूर्ण अक्षमता हो । झण्डै दुई वर्षको कार्यकाल विवादमा नै बितेको छ । पछिल्लो पटक फागुन १ गतेदेखि कार्यालयको मूल ढोकामा लगाइएको ताल्चा खुलेको छैन। त्यसबाट पर्सा पालिकावासीको सरकारी कार्यहरु बाधित भएको छ। ताल्चा खोलाउन अध्यक्ष महतोले चासो देखाएका छैनन्। तर कार्यालयको बजेट खर्च भने रोकिएको छैन। त्यसकारण पनि समयमै आवश्यक छानबिन गरी महतो दोषी ठहरे कारबाही गर्नुपर्छ।

# २१ औं शताब्दीमा मातृभाषाको महत्व



श्रीमन नारायण

२१ फेब्रुअरी १९५२ मा ढाका (तत्कालीन पूर्वी पाकिस्तान र हाल बङ्गलादेशको राजधानी)मा बङ्गला भाषालाई देशको राष्ट्रभाषा बनाउनुपर्ने माग राख्दै भएको प्रदर्शनमा प्रहरीको गोली लागी अनेकौं विद्यार्थीले शहादत प्राप्त गरे । संयुक्त राष्ट्र सङ्घले सोही स्मृतिमा प्रत्येक वर्ष यस दिनलाई मातृभाषा दिवसको रूपमा मनाउँदै आएको छ । २१ औं शताब्दीमा पनि मातृभाषाको महत्व छ । मातृभूमी, माता र मातृभाषाको महत्व कहिल्यै कम हुने छैन ।

विश्वका अनेकौं देशहरूमा आज पनि मातृभाषाको विकास, राजकीय संरक्षण र मान्यतालाई लिएर शान्तिपूर्ण प्रदर्शनको क्रम रोकिएको छैन । हाम्रो देशको संविधानको प्रस्तावनामा पनि नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधायुक्त बहुभाषिक राष्ट्रको रूपमा स्वीकार गरिएको छ।

पञ्चायतकालीन निर्दलीय संविधानमा नेपाली भाषालाई राष्ट्रभाषा मानिएको थियो । यो नैं नेपालको निर्विकल्प सरकारी कामकाजको भाषा थियो । सरकारद्वारा घोषित एक भाषा नीतिका कारण नेपालमा बोलिने अन्य भाषाहरू उपेक्षित अवस्थामा थियो। प्रजातन्त्र पुनर्स्थापनापछि २०४७ को संविधानले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिएको थियो।


जनआन्दोलन-२ को सफलतापश्चात् बनेको अन्तरिम संविधानमा मातृभाषाप्रति थप उदारता देखियो। देशका प्रमुख राजनीतिक दलहरू नेपालमा बोलिने मातृभाषाहरूलाई राष्ट्रभाषाको रूपमा पहिचान दिन सामूहिक रूपमा प्रतिबद्धता पनि जनाए। नेपालको संविधान २०७२ लाई निरन्तरता पनि दिइएको छ । संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा नेपाललाई बहुभाषिक भनिएको छ । धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको रूपमा मान्यता दिइएको छ।

धारा ७ (१) मा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिइएको छ। धारा ७ (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेश सरकारहरूले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषालाई प्रदेशको कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा रूपमा प्रयोग गर्न सकिने छ भनिएको छ। धारा ७ (३) मा भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारद्वारा निर्णय गरिए अनुसार हुने व्यवस्था छ।

मातृभाषामा शिक्षँको सम्बन्धमा पनि हाम्रो संविधानमा धेरै कुरा उल्लेख भएको पाइन्छ । संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायले कानून अनुसार आफ्नो मातृभाषामा शिक्षँ हासिल गर्न सक्ने छन् । यसको निम्ति विद्यालय तथा शैक्षिक संस्थान खोली सञ्चालन गर्न पाउने व्यवस्था छ। त्यसैगरी भाषा र संस्कृतिको हक अन्तर्गत धारा ३२ (१) मा प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो भाषा प्रयोग गर्न पाउने अधिकार प्राप्त हुनेछ, भन्ने उल्लेख छ। धारा ३२ (३) ले नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन एवं संरक्षण गर्न पाउने अधिकार दिइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका र नगरपालिकाको शिक्षँ सम्बन्धी अधिकारमा मातृभाषामा शिक्षँ प्रदान गर्ने स्कूलको अनुमति, अनुगमन तथा नियमनका साथै भाषा संस्कृतिको संरक्षँण एवं विकास सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन तथा अनुगमन एवं नियमन गर्ने जिम्मेवारी दिइएको छ। त्यसैगरी शिक्षँ ऐन २०२८ (नवौं संशोधन २०७४)को दफा ७ को उपदफा (१) मा प्राथमिक शिक्षँ मातृभाषामा प्रदान गर्न सकिने व्यवस्था छ। तर व्यवहारमा यो लागू भएको छैन । मातृभाषामा प्राथमिक शिक्षँलाई अनिवार्य नगरिएसम्म मातृभाषाको संरक्षण र सम्बर्द्धन सम्भव हुन सक्दैन।

मातृभाषाप्रति दलहरूको उदासिनताका कारण नैं संविधानमा रहेका प्रावधान एवं अधिकारहरूलाई कार्यान्वयनमा ल्याउने काम हुन सकिरहेको छैन । संविधानले सरकारी कामकाजको भाषा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई तोकेको छ । प्रदेशमा भन्ने बहुसङ्ख्यकले बोल्ने एक वा एकभन्दा बढी भाषा प्रदेश कानून बमोजिम नेपाली भाषाको अतिरिक्त सरकारी कामकाजको भाषा हुन सक्ने प्रावधान राखिएको छ। त्यसका लागि आधार तय गर्ने र सरकारलाई सिफारिस गर्ने जिम्मा भाषा आयोगलाई दिइएको छ । भाषा आयोगले द्रुतगतिमा आफ्नो कार्यको थालनी गरी सरकारलाई प्रतिवेदन समयमै बुझाओस् भन्ने चिन्ता न त मातृभाषी समुदाय, भाषिक अभियन्ता, भाषाविज्ञ तथा गैरसरकारी सङ्घसंस्थाका अभियन्ताहरूलाई नै छ, न त भाषाको नाममा राजनीति गर्ने जातीय सङ्गठन र राजनीतिक दलहरूलाई नैं । सरकारमा जाने एकोहोरो अभियानमा लागेका दलहरू पनि यसमा गम्भीर हुनु आवश्यक छ। कुनै पनि व्यक्ति आफ्नोपनको अनुभूति मातृभाषामा नै गर्न पाउँछन् । हाम्रो देशमा मातृभाषाहरूको मान्यता र उपयोगको सम्बन्धमा संविधानमा र ऐनमा व्यवस्था भएको पाइए पनि जबसम्म यसको संरक्षँण र सम्बर्द्धनमा राज्यको भूमिका प्रभावकारी हुँदैन तबसम्म यसको सार्थकता सिद्ध हुने छैन। मातृभाषाहरूको विकास भएमा मात्रै नयाँ-नयाँ कवि, लेखक एवं साहित्यकारहरू चर्चामा आउने छन् र यसले हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि धनी, समृद्ध एवं व्यापक बनाउनमा सहयोगीको भूमिका निर्वाह गर्नेछ । शिक्षँलाई राम्ररी सम्झाउने बुझाउने अनेकौं सूत्र हुन सक्दछ तर मातृभाषा त्यसमा सर्वोपरी हो। मातृभाषाका कथा, लोकगीत, गाउँखाने कथा, कथन, पहेंलीहरू यस्ता माध्यम हुन् जुन प्रत्यक्ष रूपमा हाम्रो स्मृतिको धरातलसँग जोडिएको हुन्छ । त्यसमा किसानको शक्ति हुन्छ । त्यसको बनोट पनि बेग्लै किसिमको हुने गर्दछ। एउटा विशिष्ट सामाजिक एवं मनोवैज्ञानिक बनोट जसमा अस्मिता पनि निहित हुन्छ । जब कुनै महादेशको पीडाको वर्णन गरिनेछ




अनि कुनै मौलिक लेखकले आफ्नो मातृभाषामा जति अनुकूलता, तीव्रता एवं तीक्ष्णतापूर्वक आफ्नो भनाईलाई व्यक्त गर्न सक्नेछ त्यति अन्य भाषामा होइन। आत्म अन्वेषणको गहिराई जति मातृभाषामा हुन्छ, त्यति अन्य भाषाहरूमा होइन। अन्य भाषामा पनि आफ्नो कुरालाई राख्न सकिन्छ तर मातृभाषा जति मार्मिकता त्यसमा हुँदैन।

शिक्षँमा मातृभाषाको प्रयोगबाट आफ्नो परिवेश तथा पर्यावरणको बोध हुन्छ। सम्बद्धीकरणको प्रक्रियामा बलियोपन आउँछ, त्यसमा पृथकता अनुभूति हुँदैन । मातृभाषामा त्यो मौलिक लय प्रकट हुन्छ जो प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्षमा पनि प्रकट हुने गर्दछ । जसमा प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्ष पनि प्रकट हुने गर्दछ। त्यसमा साहित्य एवं संस्कृतिको सकारात्मक, मानवीय जनतान्त्रिक तत्त्व पनि प्रकट हुन्छ। आफ्नो संस्कृतिको जरोमा पुगेर हामीलाई आत्मविश्वासको अनुभूति हुने गर्दछ । उधारोमा लिइएको भाषाले हाम्रो साहित्य एवं कलालाई विकसित गर्न सकिन्छ। वर्तमान अवस्थामा पश्चिमीकरणको प्रभाव चारैतिर छ। यसले हाम्रो मौलिकतामाथि ठूलो प्रहार गरिरहेको छ। मातृभाषामा आफ्नो माटोको सुगन्ध आउँछ जुन विदेशी भाषामा सम्भव हुन सक्दैन। मातृभाषा आफ्नो आमाबाबुबाट व्यक्तिले प्राप्त गर्ने भाषा हो।

मातृभाषाले एक बेग्लै थरिको सांस्कृतिक आचरण प्रदान गर्छ जुन कुनै अन्य भाषामा सम्भव हुन सक्दैन। मातृभाषामा एउटा खास किसिमको तत्त्व जोडिएको हुन्छ जसले गर्दा त्यसको सम्प्रेषणीयता त्यो भाषा बोल्नेहरूको निम्ति निकै मार्मिक हुन जान्छ। यो प्रश्न इतिहास र संस्कृतिसँग पनि जोडिएको हुन्छ। तसर्थ शिक्षँ अध्ययनको क्षैँत्रमा यसको महत्त्व छ। संस्कृतिको अर्थ विश्वलाई केवल बिम्बको रूपमा व्यक्त गर्नु मात्रै होइन अपितु ती बिम्बहरूमार्फत व्यक्त संसारलाई नूतन दृष्टिबाट हेर्ने दृष्टिकोण विकसित गर्नु पनि हो । वर्तमान युगमा अङ्ग्रेजीको बढ्दो प्रचार प्रसार एवं व्यापकताका कारण हामीलाई आफ्नो मातृभाषाप्रति हिनताको अनुभूति हुन सक्दछ र हामी त्यस भाषाको प्रभुत्वलाई बखान गर्न थाल्दछौं । फलस्वरूप हामी त्यस भाषासित बाँधिन जान्छौं र आफ्नो मातृभाषालाई नै तिलाञ्जलि दिइरहेका हुन्छौं । मेरो सन्तानलाई त आफ्नो मातृभाषा बोल्न नै आउँदैन भनेर गर्व गर्ने आमा-बुबाहरू यथार्थमा आफूलाई नैं कमजोर बनाइरहेका हुन्छन् किनभने अनततः प्रत्येक व्यक्तिको मान सम्मान र पहिचान त्यसको मातृभूमि र मातृभाषामार्फत नैं भइरहेको हुन्छ । संस्कृति आफैंमा पनि इतिहासको अभिव्यक्तिको उत्पादन हो । मातृभाषाको आफ्नो छुट्टै तर विशेष पहिचान हुने गर्दछ । मातृभाषाको मान्यता एवं महत्त्व रहेन भने हाम्रो संस्कृति पनि नाश हुन बेर लाग्दैन। यदि मातृभाषालाई शिक्षँको आधार बनाइन्छ भने सामुदायिकतामा आबद्ध वर्ग, आफ्नो भाषा, साहित्य, धर्म, कला, नाटक, मूल्य एवं एउटा यस्तो शिक्षँ प्रणाली विकसित गर्न सफल हुने छन् जसले इतिहास एवं भूगोललाई एक पुस्ताबाट अर्को पुस्तामा सजिलै हस्तान्तरण गर्न सक्नेछ।

शिक्षँा एवं संस्कृति वर्गीय असमानतालाई समाजको आर्थिक जगमा व्यक्त गर्ने गर्दछ । वास्तवमा वर्गीय समाजमा दुई थरिका शिक्षँबीच सङ्घर्ष हुने गर्दछ। पहिलोमा त औपनिवेशिकताबाट ग्रसित संस्कृति पक्षको निम्ति मातृभाषाको आवश्यकता नैं हुँदैन। उनीहरू यस्तै भाषालाई रोज्ने छन् जसले तिनको वर्गीय हितको प्रतिनिधित्व गर्न सकोस् दोस्रोमा आफ्नै देश र समाजमा मातृभाषामा बोलेकै कारण सजाय एवं अपमान भोग्नेहरू पनि छन्।

मातृभाषाको माध्यम भन्नाले जनतासित प्रत्यक्ष सरोकारको माध्यम हो जसमा त्यस समुदायको सामाजिक एवं राजनीतिक निहितार्थ पनि बोध भइरहेको हुन्छ। त्यसैले शिक्षँमा यसको गहिरो औचित्य छ।

शिक्षँको मूल लक्ष्य नैं हो, त्यो सौन्दर्यबोध जसमा हाम्रा लोककथाहरू, हाम्रा सपना, विज्ञान एवं हाम्रा भविष्यको कामना निहित होस् । अन्य भाषाहरूलाई अपनाउनु अथवा त्यसमा अभिव्यक्ति दिनु नराम्रो होइन तर मातृभाषालाई कमजोर पार्ने अथवा समाप्त पार्ने काम गर्नु भएन । हाम्रो अस्मिता, साहित्य, सिर्जनात्मकताको सर्वोच्च वैभव मातृभाषामा नै सम्भव हुन सक्दछ। मातृभाषा जीवन्त अभिव्यक्ति तथा शिक्षँको सबैभन्दा उत्तर र सुन्दर माध्यम हो । नेपालजस्तो सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक देशमा राष्ट्रभाषा नेपालीको निरन्तर संरक्षण र सम्बर्धन हुनुका साथै मातृभाषाहरूले समुचित महत्त्व, संरक्षण र अवसर पाउनु आजको आवश्यकता र समयको माग पनि हो।

# विद्यालय छाड्न विवश छन् - राजी समुदायका बालबालिका

राकेशकुमार मिश्र

राजी समुदायका बालबालिकाको अझै पनि शिक्षामा पहुँच पुग्न सकेको छैन । बालबालिका विद्यालयमा भर्ना भए पनि नियमित रुपमा विद्यालय जाँदैनन् । बर्दियाको बारबर्दिया नगरपालिका-९ वनगाईका अनिस राजीले गाउँकै जनज्योति माध्यमिक विद्यालयमा कक्षा ९ मा पढ्दापढ्दै गत वर्ष पढाइ छाड्नुभयो । अनिसको घरमा सातजना सदस्य छन् । घरको आर्थिक अवस्था नाजुक भएका कारण पढाइ छाडेर मजदुरी गर्न सुरु गरेको अनिसले बताउनुभयो।

अनिसको परिवारको करिब दुई कट्ठा मात्रै जग्गा छ। त्यही जमिनमा उत्पादन भएको खाद्यान्नले दुई-चार महिना पनि खान पुग्दैन । अनिस भन्नुभहुन्छ, “पढ्ने रहर भए पनि घरको अवस्थाका कारण पढाइ छाडेर मजदुरी गर्नुपर्ने अवस्था आयो। घरको आर्थिक अवस्था कमजोर भएकै कारण अनिसको बुबा ज्याला-मजदुरी गर्न भारत जाने-आउने गर्नुहुन्छ।

जनज्योति मावि कक्षा ८ मा पढ्दापढ्दै बारबर्दिया-९ वनगाईको केशर राजी २०७७ सालमा पढाइ छाड्नुभयो । उहाँको परिवारमा छजना सदस्य रहेका छन् । घरको आर्थिक अवस्था कमजोरकै कारणले पढाइ छाड्नु परेको केशरले बताउनुभयो । उहाँको परिवारका नाममा दुई कट्ठा मात्रै जग्गा रहेको छ । त्यसमा उत्पादन हुने खाद्यान्नले तीन महिना पनि खान पुग्दैन । घरपरिवार चलाउनुपर्ने जिम्मेवारी थपिएपछि केशर पढाइ छाडेर पछिल्ला दिनहरुमा रोजगारीका लागि बुबासँगै भारत जाने-आउने गरी रहनुभएको छ।

बासँगढी-८ भैसासुरका क्षितिस राजी नेपाल राष्ट्रिय मावि लक्ष्मणपुरमा कक्षा १२ मा भर्ना हुनुभएको छ तर घरको काम पनि गर्नुपर्ने बाध्यताले नियमित रुपमा विद्यालयमा जान सक्नुभएको छैन। विद्यालय भर्ना भए पनि पढाइ पूरा नगर्दै विद्यालय छाड्नु पर्छ कि भन्ने चिन्तामा छन्। अनिस, केशर र क्षितिस त एक प्रतिनिधि पात्र मात्रै हुन्। गरिबी तथा आर्थिक अवस्था अभावका कारण राजी समुदायका अधिकांश बालबालिका विद्यालय तहको पढाइ पूरा नगर्दै



विद्यालय छाड्ने गरेका छन्।

विद्यालयमा भर्ना भएका राजी समुदायका विद्यार्थीमध्ये करिब ९० प्रतिशतले एसइई पास नगर्दै पढाइ छाड्ने गरेको बर्दिया बाँसगढीका राजी समुदायका अगुवा कृष्ण राजीले बताउनुभयो। गरिबी र पछौटेपनका कारण विद्यालयमा भर्ना भएका अधिकांश बालबालिका पनि एसएलसी तहको पढाइ पूरा नहुँदै विद्यालय छाड्ने गरेको पाइन्छ। राजी सुमदायका बालबालिकाको शिक्षा पहुँच बढाउनका लागि स्थानीय बाँसगढी नगरपालिकाले हरेक बालबालिकालाई पाठ्यपुस्तक, पोसाकसहित छात्रवृत्ति दिँदै आएको छ।

त्यसैगरी, कक्षा ८ सम्म निःशुल्क शिक्षाको सुविधा उपलब्ध गराउँदै आएको छ। राजी सुमदायका बालबालिकाले कक्षा ८ सम्म पढ्दा कुनै पनि किसिमको शुल्क तिर्नु नपर्ने व्यवस्था मिलाइएको बाँसगढी नगरपालिका शिक्षा शाखा प्रमुख क्षितिस पौडेलले बताउनुभयो। राजी समुदायका बालबालिकालाई जन्मने बित्तिकै सामाजिक सुरक्षा भत्ताबापत मासिक रु चार हजार उपलब्ध गराउने गरिएको छ। राजी समुदायका बालबालिकालाई पोसाकसहित निःशुल्क पठनपाठनको सुविधा उपलब्ध भए पनि विद्यालय भर्ना भएका अधिकांश बालबालिका नियमितरुपमा विद्यायलयमा आउँदैनन्। आएकाले पनि ध्यान दिएर नपढ्ने र बीचैमा पढाइ छाड्ने समस्या रहेको छ।

बालबालिकालाई विद्यालयमा टिकाउनका लागि कक्षा १ देखि ५ सम्मका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ। दिवा खाजा कार्यक्रमले कक्षा ५ सम्म राजी समुदायका बालबालिका विद्यालयमा आउँछन्। कक्षा ६ देखि विद्यार्थीको संख्या घट्दै जाने गरेको अनुभव बाँसगढीको रामजानकी माविका प्रधानाध्यापक शर्माको छ। राजीहरुको बसोबास बाँसगढी नगरपालिका-४ र ८ मा रहेको छ। घरको आर्थिक अवस्था कमजोर भएका कारण राजी सुमदायका बालबालिका पढाइ छाडेर आफ्ना अभिभावकसँगै खेतीपाती र मजदुरी गर्न विवश छन्। केही युवा ऋण खोजेर पैसाको जोहो गरेर वैदेशिक रोजगारमा समेत गएका छन्।

नेपाल सरकारले राजी समुदायलाई अल्पसंख्यक आदिवासीको सूचीमा राखेर आजीवन भत्ता, निःशुल्क शिक्षालगायत उनीहरुको जीविकोपार्जनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएपछि राजी समुदायको जीवनस्तरमा केही सुधारका सङ्केतहरु देखिन थालेका छन्। बाँसगढीको राम जानकी माविमा राजी जातिका दुईजनाले सहयोगी कर्मचारीका रुपमा जागिरको अवसर पाएका छन् । पढाइलाई निरन्तरता दिएका केही राजी समुदायका विद्यार्थीले नेपाली सेनामा भर्ती भएर सरकारी जागिर सुरु गरेको विद्यालयका प्रधानाध्यापक शर्माले बताउनुभयो । खेती गर्नका लागि आफ्नै जग्गा जमिन, रोजगारीका लागि सीप र व्यापार-व्यवसायका लागि पूँजी नभएका कारण राजी समुदायमा अधिकांश परिवार साँझ के खाउँ, बिहान के खाउँ भन्ने समस्या खेप्न विवश छन्।

राजी जाति अल्पसंख्यक आदिवासी हुन् । राजी समुदायको बसोबास बर्दियाका अतिरिक्त बाँके, सुर्खेत, दाङ, कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न गाउँमा रहेको छ। जनगणना २०७८ अनुसार राजी समुदायको कूल जनसंख्या चार हजार चार सय ३६ रहेको छ। राजी समुदायको मुख्य पेसा भनेको माछा मार्ने, डुङ्गा तार्ने, गिट्टी कुट्ने र जङ्गली तथा भिर मौरीको मह काढ्ने र बेच्ने हो। उनीहरु जङ्गल किनार नदी किनारमा पुर्स्तौदेखि बस्दै आएका छन्।

राजी जातिको आर्थिक अवस्था एकदमै कमजोर रहेको छ। नेपाल सरकारले राजी समुदायलाई अल्पसंख्यक आदिवासीको सूचीमा राखेर जन्मनेबित्तिकै समुदायका सबै सदस्यलाई मासिक भत्ता दिँदै आएको छ। पछिल्ला दिनहरुमा राजी समुदायका प्रत्येक सदस्यले वार्षिक रु चार हजार भत्ता पाउँछन् । त्यही भत्ताको रकमले उनीहरुले आफ्नो गुजारा चलाउँदै आएका छन्। अझै पनि अधिकांश राजी समुदायको आफ्नो नाममा जग्गा जमिन छैन। गाउँघरमै ज्याला मजदुरी गरेर, भारतका विभिन्न सहरदेखि खाडी मुलुकमा पुगेर मजदुरी गरेर कमाएको पैसाले परिवार चलाउँदै आएका छन्।

बाँसगढी-४ मोतिपुरकी पार्वती राजी भन्नुहुन्छ, “हाम्रा पुर्खाहरुको पालादेखि नै हाम्रो समुदायका अधिकांश परिवारको आफ्नो नाममा जग्गा जमिन छैन।” पछौटेपन, गरिबी र शिक्षामा पहुँच नभएका कारण हाम्रो समुदायका मानिसले अझै पनि सरकारी जागिरको अवसर पाएका छैनन्। स्थानीय तह, प्रदेश र सङ्घीय सांसदका लागि हुने निर्वाचनमा राजी समुदायका मानिसले मतदान गर्दै आए पनि राजी समुदायको प्रतिनिधित्व गाउँ तथा नगरपालिकाभन्दा माथिल्लो तहमा अझै पुग्न सकेको छैन।

अन्य जाति र समुदायमा जस्तो जातिका समुदायका मानिसबीच एकता पनि छैन । आर्थिक अवस्था अलि राम्रो भएका पढेलेखेकाले पनि आफ्नै समुदायका कमजोर र बेरोजगारलाई कुनै पनि किसिमको सहयोग नगर्ने भएका कारण राजी सुमदाय सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछाडि परेको पार्वती राजी बताउनुहुन्छ।

राजी समुदाय प्रकृति पूजक समुदाय हुन् । राजी जातिको छुट्टै वेशभूषा, परम्परा र संस्कृति रहेको छ । उनीहरु विवाह मागेर, तानेर र भगाएर आफ्नै जातिसँग गर्ने गर्छन् । राजी जातिको वेशभूषा राजी पुरुषहरूले टोपी, कमिज, भोटो, हरियो खिका भएको छड्के पटुका लगाउँछन् भने महिलाले गुन्यूचोली र घलेक र सेतो रुमाल लगाउँछन्। माछा मार्ने, डुङ्गा तार्ने, गिट्टी कुट्ने, र जङ्गली तथा भिरमौरीको मह काढ्ने र बेच्नजस्ता पुर्ख्यौली पेसा सङ्कटमा पर्दै गएपछि राजी समुदाय थप समस्यामा परेका छन् । समुदायका अधिकांश पुरुषहरु रोजगारीका लागि भारतलगायत खाडी मुलुक पुगेका छन्।

बर्दियाको बारबर्दिया नगरपालिकाको मगरागढीमा बस्दै आएकी बिमला राजीका श्रीमान पाँच वर्षदेखि रोजगारीका लागि भारतमा छन् । बिमला भन्नुहुन्छ, “ आफ्नो पुर्ख्यौली पेसा माछा मार्ने भए पनि नदीमा माछा मार्न जाँदा स्थानीय सरकारले माछा मार्ने ठेक्का अर्कै समुदायका मान्छेलाई दिएको हुन्छ। आफूले ठेक्का पाएको भन्दै हामीलाई माछा मार्न समेत दिँदैनन् । हाम्रो गाउँघर नजिकको नदीमा गिट्टी कुट्ने काम पछिल्ला दिनहरुमा ठेकेदारहरुले बाहिरबाट अन्य जातिका मान्छे ल्याएर लगाउने गरेका छन् । नदीमा डुङ्गा चलाउन पनि गाउँ तथा नगरपालिकाले अरूलाई नै ठेक्का दिएपछि तिनीहरुको पुर्ख्यौली पेसाबाट वञ्चित भएका छन्।”

आफ्नो जग्गा जमिन छैन नदी र जङ्गलको किनारामा टहरा बनाएर बस्दा पनि सामुदायिक वन र डिभिजन वन कार्यालयले दुःख दिने गरेका गुनासो उहाँको छ। नेपालको संविधान २०७२ ले सबै नेपालीलाई बसोबासको सुविधा हुने व्यवस्था गरे पनि अल्पसंख्यक आदिवासीका रुपमा रहेका राजी समुदायलाई बसोबासको व्यवस्था मिलाउनेतर्फ स्थानीय, प्रदेश र सङ्घीय सरकारले ध्यान दिनुपर्ने माग राजी समुदायका अगुवा कृष्ण राजीको भनाइ छ।

# पश्चगामी शक्ति हावी हुँदैछन्, जनभावना बुझेर काम गरौं : सांसद हरिराम चौधरी



काठमाण्डु । राष्ट्रियसभामा छवर्षे कार्यकाल मेरो पहिलो हो । पछिल्ला समय राष्ट्रियसभामा प्रतिनिधित्व र यसको औचित्यका बारेमा बहस भइरहेका छन् । कतिपय जानकारले संसदीय व्यवस्थामा राष्ट्रियसभा जनप्रतिनिधिको एक अविच्छिन्न सर्वोच्च संस्थाको रूपमा महत्वपूर्ण हुन्छ भनेर व्याख्या गरेका छन् । मेरो आफ्नो बुझाइमा राष्ट्रियसभाले विशेष गरेर देशको हरेक नीति, नियम, कानुनलाई परिपक्व र समृद्ध बनाउनेगरी काम गरिरहेको छ । कैयौं कानुन राष्ट्रियसभाबाट सिर्जित भएर प्रतिनिधिसभामा गएका छन् । कैयौं फिर्ता गरिएको छ ।

छ वर्षको अवधिमा मैले राष्ट्रियसभामा एउटै समितिमा रहेर काम गरेँ । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा सक्रिय रहेँ । समितिमा रहँदा प्रत्यायोजित कानुन, राष्ट्रिय सरोकारका महत्वपूर्ण विषयदेखि सरकारी आश्वासनका क्षेत्रमा काम गरियो । एउटै समितिमा काम गरेका कारणले देशका बारेमा धेरै कुरा बुझ्ने अवसर पनि पाइयो । समितिबाट सरकारलाई निर्देशन दिने काम पनि भयो । प्रत्यायोजित कानुनहरूलाई सरकारले कसरी प्रयोग गर्ने, कसरी लागू गर्ने भन्ने कुरामा महत्वपूर्ण बुझाइ र सिकाइ भएका छन् ।

अहिले संविधानमा भएका व्यवस्थाबमोजिम सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित कानुन नबन्दा प्रदेश सरकार र स्थानीय तहले राम्रोसँग काम गर्न सकेका छैनन् । प्रहरी समायोजन, कर्मचारी समायोजनलगायत महत्वपूर्ण विषयमा सहमति जुट्न सकेको छैन । शिक्षा, स्वास्थ्य क्षेत्रमा पनि उस्तै अवस्था देखापरेको छ । अन्य कानुन पनि आवश्यक छ, तर सङ्घीयता कार्यान्वयन गर्न यी कानुन अत्यन्त महत्वपूर्ण छन् । यो काम धेरै अगाडि गरिसक्नुपर्ने थियो । भर्खरै मात्र प्रधानमन्त्रीले राजनीतिक सहमति जुटाएर सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित कानुनहरू जतिसक्दो चाँडो बनाउनेगरी छलफल गर्नुभएको छ । सङ्घीयतालाई कार्यान्वयन हुन नदिने तप्का, विचार, दृष्टिकोण र समूहले सङ्गठितरूपमा षड्यन्त्र गरिरहेको आभास पनि हुन थालेको छ । विशेष गरेर सङ्घीय शासन प्रणालीलाई दिगोरूपमा कार्यान्वयन गर्नका लागि सङ्घीयता पक्षधरहरू नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेकपा (एमाले), नेपाली कांग्रेस एक हुनुपर्छ । यी दलहरूले राष्ट्रिय सहमतिका आधारमा कार्यान्वयन गरेर जाँदा राम्रो हुन्छ ।

राष्ट्रियसभालाई प्रतिनिधिसभाको छायाँका रूपमा बुझ्ने गरिन्छ । वास्तवमा त्यस्तो होइन । प्रतिनिधिसभाका बैठक स्थगित हुँदा पनि राष्ट्रियसभा नियमित सञ्चालनमा आएको उदाहरण छ । हाम्रो बीचमा छलफल पनि चल्थ्यो, राष्ट्रियसभा विशिष्ट सभा हो, यसमा दलीय गन्ध दिन हुँदैन । तर दलीय व्यवस्था भएका हुनाले त्यसको प्रभाव पनि देखिने भयो । संविधान जारी भइसकेपछि गठन भएको पहिलो राष्ट्रियसभामा प्रवेश गर्दा यसलाई जति परिपक्व बनाउनुपर्ने थियो, दलको छायाँका रूपमा नभएर राष्ट्रिय महत्वको विशेषज्ञका आधारमा यसलाई प्रयोग गर्नुपर्नेमा कमी रहेको महसुस भइरहेको छ । यसमा नागरिक समाज, बुद्धिजीवी, सञ्चारजगत्लगायत सबै क्षेत्रबाट बहस र छलफल गर्दै दलीय व्यवस्थाभित्र पनि स्वतन्त्र प्रकृतिका व्यक्तिहरूलाई राष्ट्रियसभामा लैजान सकियो भने यसको गरिमा, ओज र महत्व अझ बढेर जान्छ । राष्ट्रियसभाको पहिलो कार्यकालको उपस्थितिलाई हेर्दा प्रतिनिधिसभामा समेटिन नसकेका तथा पार्टीभित्रको सन्तुलन मिलाउन आवश्यक व्यक्तिलाई समेटिएको देखिन्छ । दलभित्रको विवादलाई समाधानका रूपमा प्रयोग गर्ने थलोका रूपमा पनि राष्ट्रलाई समस्या परेका बखत सम्हाल्न सक्ने केन्द्रका रूपमा राष्ट्रियसभालाई बनाउन सकियो भने राष्ट्रियसभा र राजनीतिक दलको महत्व बढेर जान्छ ।

राष्ट्रियसभालाई राष्ट्रलाई महत्वपूर्ण घडीमा सम्हाल्न सक्ने व्यक्तित्व र विशेषज्ञको बहस गर्ने थलोका विकास गर्नुपर्छ । प्रतिनिधिसभाबाट आएको हरेक विधेयकलाई मसिनो गरी केलाएर सुझाव दिन सक्ने विशिष्टिकृत संस्थाका रूपमा राष्ट्रियसभालाई बनाउनुपर्छ ।

सङ्घीयता कार्यान्वयनलाई संसदले मुख्य प्राथमिकतामा राख्नुपर्छ । भूगोलका हिसाबले सङ्घीयताको खाका प्रष्ट छ । सात प्रदेश र सात सय ५३ स्थानीय तह कार्यान्वयनमा गइसकेका छन् । अब कानुन निर्माण गरेर तिनलाई सबल बनाउनुपर्छ । सङ्घीयता र परिवर्तनको पक्षधरलाई अहिले पनि एउटा प्रश्न टड्कारोरूपमा आइरहेको छ, त्यो हो- गणतन्त्र आएर नेपाली जनताले के पाए ? देशमा बेरोजगारी, आर्थिक सङ्कटलगायत समस्या छन्, युवा विदेश जान बाध्य छन् । सङ्घीयताको कार्यवयन र सुशासनलाई प्रत्याभूत गराउन सकियो भनेमात्रै नेपालमा युवा रोकिने आधार बन्छ ।

गणतन्त्र प्राप्तिका लागि सङ्घर्ष गर्दैगर्दा राज्यपक्ष र विद्रोही पक्ष दुवैले ठूलो क्षति भोगेका छन् । भूमिगत अवस्थामा युद्ध लडिरहेको तत्कालीन नेकपा (माओवादी) र नेपाली कांग्रेस तथा नेकपा (एमाले)बीचको राजनीतिक सहमतिका आधारमा मुलुकमा गणतन्त्र आयो । ती राजनीतिक दलहरूबीच विगतमा भएका सहमति अहिले मुलुकलाई समृद्ध बनाउन पनि आवश्यक छ । मुलुकको समृद्धिका लागि पनि यी दलहरू एक ठाउँमा उभिन जरुरी छ । राजनीतिक दलहरू मिलेर अगाडि बढ्न नसक्ने हो भने पश्चगमन चाहने शक्तिले प्रतिक्रान्ति गर्न नसक्ला भन्न सकिँदैन । पहिलो संविधानसभामा राजतन्त्र पक्षधरको उपस्थिति नगण्य थियो, तर अहिले त्यो उपस्थिति सदनमा बढ्दै गएको छ । यो परिवर्तन पक्षधर सम्पूर्ण पार्टी र नेता कार्यकर्ताले बुझ्न जरुरी छ । सङ्घीयता र गणतन्त्र कार्यान्वयन गरेर प्राप्त उपलब्धिलाई जनताले अपनत्व गर्ने अवस्था सिर्जना गर्न जनताको मनोभावना र मनोविज्ञान बुझेर सुशासन, विकास निर्माणलगायत जनजीविकाका सवालमा ध्यान दिनुपर्छ ।

अहिले गाउँघर रित्तिन थालेका छन् । युवा पलायन बढ्दो छ । यसलाई रोक्न सरकारले विशेष ध्यान दिनुपर्छ । सरकारले विकास निर्माणलाई ध्यान दिने, उद्योग कलकारखानाको विकास गर्ने, रोजगारी सिर्जना गर्ने, स्वरोजगारी अभियान सञ्चालन गर्नुपर्छ । निजी क्षेत्रको सहभागिता बढाएर रोजगारी सिर्जना गर्नुपर्छ । तर निजी क्षेत्रलाई प्रोत्साहित गर्ने काम कम भइरहेको छ । देशमा लगानीमैत्री वातावरण बनाउनुपर्छ । लगानीको सुरक्षा राज्यले गरिदिनुपर्छ । राज्यले निजी क्षेत्रलाई सुरक्षा दिन नसक्दा अहिले उद्योगी, व्यवसायी सशङ्कित छन् । कुनै पनि नागरिकलाई स्वदेशमै काम गर्ने वातावरण सिर्जना गर्न सक्यौं भने यो समस्या धेरै हदसम्म कम हुन्छ । किसानका उत्पादनले बजार पाएको छैन । विश्वव्यापीकरणको अवस्थामा नेपालमा मात्रै व्यापार गरेर व्यवसायी टिक्ने अवस्था छैन । सरकारले नेपाली उत्पादनको बिक्रीका लागि विश्व बजारसम्मको पहुँच सुनिश्चित गरिदिनुपर्छ ।

शान्ति प्रक्रियाका बाँकी कामलाई निष्कर्षमा पुर्याउन निकै ढिला भइसकेको छ । माओवादी चौथोपटक सरकारको नेतृत्वमा छ । यसमा को जिम्मेवार, को दोषीभन्दा पनि सबै जिम्मेवार बन्नुपर्छ । तत्कालीन विद्रोही माओवादी र सरकारका तर्फबाट नेपाली कांग्रेससबीच विस्तृत शान्ति सम्झौता भएर नेपाल दिगो शान्तिको बाटोमा नेपाल अघि बढेको हो । राजनीतिक सन्तुलन मिल्न नसक्दा नै सङ्क्रमणकालीन न्याय टुङ्गिन ढिलाइ भएको छ । अहिले चर्चाको विषय बनेको छ, दिनहुँजसो शीर्षनेताको बीचमा यसबारेमा छलफल भइरहेको छ । सङ्क्रमणकालीन न्यायलाई पूर्णता दिनेतर्फ अब ढिला गर्नु हुँदैन ।

विसं २०३५ मङ्सिर २५ गते जन्मनुभएका सांसद हरिराम चौधरी कैलालीको गौरीगङ्गा नगरपालिका वडा नं ४ निवासी हुनुहुन्छ । उहाँले व्यवस्थापन विषयमा प्रमाणपत्र तहसम्मको अध्ययन गर्नुभएको छ । राष्ट्रियसभामा अन्य समूहबाट निर्वाचित हुनुभएका उहाँ २०५१ सालदेखि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)सँग आबद्ध हुनुहुन्छ ।

विसं २०५३ मा विद्यार्थी सङ्गठनमा क्रियाशील हुनुभएका उहाँ २०६५ साल फागुन १ गतेदेखि भूमिगत हुनुभएको थियो । विसं २०७५ मा जिल्ला सदस्य, २०५८ सालमा विद्यार्थी सङ्गठनको जिल्ला अध्यक्ष, २०५९ सालमा माओवादीको जिल्ला सेक्रेटरी, २०६१ सालमा जनमुक्ति सेना सैन्य हेडक्वार्टर सदस्य, २०६३ सालमा जिल्ला सचिव, २०७० सालमा जिल्ला इन्चार्ज, २०७३ सालमा पोलिटब्यूरो सदस्य र माओवादीको थारू मोर्चाको महासचिव रहनुभयो । उहाँ हाल नेकपा (माओवादी)को सुदूरपश्चिम प्रदेश अध्यक्ष हुनुहुन्छ ।रासस

# समस्या समाधानमा सरकार गम्भीर छ : प्रधानमन्त्री

टुडे समाचारदाता



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मिटरब्याज (अनुचित लेनदेन) सहकारी, लघुवित्त पीडितका समस्या समाधान गर्न सरकार गम्भीरतापूर्वक लागिरहेको बताएका छन् ।

राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बुधबारको बैठकमा प्रधानमन्त्री दाहालले सरकार पीडितप्रति गम्भीर भएकाले उच्चस्तरीय आयोग गठनका साथै ऐन निर्माण गरेर समाधानमा पहल गरिरहेको बताए । उनले यसै सन्दर्भमा केही मुद्दा अदालतले फुकाइदिनुपर्ने खालका भएकाले सरकारले अदालतलाई त्यसको संवेदनशीलतालाई ध्यान दिएर सहजीकरण गरिदिन आग्रह गर्ने बताए ।

प्रधानमन्त्री दाहालले भने, "समस्या सरकारका कारणले नभई कानुनीरुपमा आएको छ । यो समस्याको समाधानका लागि अदालती प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । पुराना कागज र तमसुकका आधारमा भएका कारोबारमा कानुन पीडककै पक्षमा हुन सक्ने भएकाले यसको प्रकृतिअनुसार सरकार र अदालतले मिलेर समाधान गर्नुपर्नेछ ।"ती क्षेत्रका पीडितहरूले विभिन्न चरणका आन्दोलन गर्दै आएका छन् । प्रधानमन्त्री दाहालले ती विषयमा बुधबारै सम्बन्धित निकाय र पक्षसँग वार्ता भएको पनि जानकारी दिए ।

समितिका सदस्यहरूको जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री दाहालले काठमाडौं तराई मधेस द्रुतमार्ग निर्माणको सुरु बिन्दुको जग्गा विवादमा सहमति नभए, विकल्प खोजर निर्णय गर्ने, सुनकोसी मरिन डाइभर्सनको निर्माण अघि बढाइने, गोर्खा भर्तीमा रहेका नेपालीका समस्या समाधानका लागि पहल गर्ने, रुसका सेनामा अवैध बाटोबाट गएका नेपालीलाई चाँडो उद्धार गर्ने, निजामती कर्मचारी विधेयक पेस गर्नेलगायत विषयमा सरकारले योजना बनाएर काम गरिरहेको जानकारी गराउनुभएको थियो ।

प्रधानमन्त्री दाहालले समितिका निर्देशनहरू प्राथमिकतामा राखी आगामी १६औं योजना, सरकारका नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बोधन गर्न सम्बन्धित निकायमा निर्देशन दिएको पनि अवगत गराए । उनले संसदमा बजेटको अभावमा काम हुन नसक्ने स्थितिको अन्त्यका लागि पनि अर्थ मन्त्रालयलाई अवगत गराइएको बताउँदै आगामी दिनमा त्यस्तो अवस्था हुन नदिने बताए ।

बैठकमा समितिका सभापति दिलकुमारी रावल (पार्वती) ले समितिले राष्ट्रिय सरकारका क्षेत्रमा दिएका निर्देशनहरु, तीन तहका सरकारबीचको समन्वय, राष्ट्रिय सम्पदा, मानव अधिकार, परराष्ट्र, पिछडिएका क्षेत्र, समुदाय, राष्ट्रिय गौरवका आयोजना, संस्कृति, राष्ट्रिय सुरक्षा र संवैधानिक अयोगलगायत विषयमा दिइएका निर्देशनबारे स्मरण गराएका थिए ।

# जबजको वैचारिक तथा सैद्धान्तिक कार्यदिशामा जोड

टुडे समाचारदाता




काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) को आसन्न १०औं राष्ट्रिय महाधिवेशनका लागि बुधबार दस्तावेज मस्यौदा समितिको बैठक बसेको छ । बैठकमा पार्टीको आदर्श, वैचारिक दृष्टिकोण, कार्यदिशा, आगामी दिनमा सञ्चालन गर्ने राजनीतिक गतिविधि, कार्ययोजनाबारे छलफल गरिएको छ ।

पार्टीका अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बसेको बैठकमा अधिकांश नेताले जनताको बहुदलीय जनवाद (जबज) को वैचारिक तथा सैद्धान्तिक कार्यदिशामा जोड दिएको पार्टी केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । बैठकमा वर्तमान सङ्कटको वस्तुगत विश्लेषण र समाधानका योजनामा छलफल केन्द्रित गरिएको छ ।

मङ्गलवार बसेको बैठकमा छलफल बाँकी रहेकाले स्थगित भएकामा दस्तावेज तयारीका लागि अहिलेसम्म भएका गतिविधिका साथै विधान सम्मेलनका सुझावलाई कसरी समेट्ने, देशभरबाट सङ्कलन भएका के कस्ता सुझाव समावेश गर्ने विषयमा कार्यदिशालगायत विविध विषयमा बुधबार नेताहरुले धारणा राखेका छन् ।

पार्टीले मस्यौदामाथि सुझाव सङ्कलन गर्न उक्त मस्यौदा जिल्ला तहका कार्यकर्तालाई पठाइसकिएको जनाइएको छ । उनीहरूका सुझाव समावेश गरी दस्तावेज तयार गरिने छ । दस्तावेज तयारीका लागि पार्टीले अध्यक्ष नेपालको नेतृत्वमा २७ सदस्यीय समिति गठन गरेको थियो ।

समितिमा सदस्यमा पार्टीको सचिवालयका सबै सदस्य र सात प्रदेशका इन्चार्जहरुलाई समावेश गरिएको छ । जबजलाई अवलम्बन गर्ने वा समाजवादीको कार्यक्रमलाई जोड दिने विषयमा नेताहरुबीच मत भिन्नता देखिएको छ ।

# कार्यविभाजनप्रति उपमहासचिव शर्माको असहमति

टुडे समाचारदाता



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले स्थायी समितिमा पेस भएको नेताहरुको कार्यविभाजनलाई लिएर असहमति प्रकट गरेका छन् । पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार सम्पन्न स्थायी समिति बैठकमा उनले प्रस्तावित कार्यविभाजन र सेती महाकालीमा देखिएको विवाद समाधानको निर्णयमा असहमति प्रकट गरेका हुन् ।

"कार्यविभाजन सही भएन, पार्टी निर्माणको उद्देश्यअनुरुप भएन, विधान अधिवेशनको 'ह्याडओभर' लाई लिएर कार्यविभाजन गरियो", बैठकपछि उपमहासचिव शर्माले भने, "विधान अधिवेशनमा प्रत्यक्ष निर्वाचित पदाधिकारी हुनुपर्छ भन्ने मत राख्ने आफूलगायत अन्य नेतालाई कार्यजिम्मेवारीविहीन बनाइएको छ ।"

सुदूरपश्चिम प्रदेशमा स्थायी समिति सदस्य हुँदाहुँदै केन्द्रीय सदस्यलाई सहइन्चार्ज बनाइएकोलगायत मुद्दा, त्यहाँको दलभित्रको विवादलाई टुङ्ग्याउने निर्णय सन्तुलित र न्यायपूर्ण नभएको भनी आफूले असहमति राखेको उनले जानकारी दिए ।

आफूले राखेको असहमतिलाई पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहजरुपमा लिनुभएको उनले बताए । "पार्टी अध्यक्षले असहमतिका विषयलाई पार्टीभित्र राख्न पाइन्छ, स्वागत छ भने", उनले भने, "मैले असहमतिका विषय सम्पूर्ण नेतृत्वलाई बुझाएको छु ।"उपमहासचिव शर्माले बैठकमा वर्तमान राजनीतिक परिस्थितिबारे समीक्षालगायत पार्टीको आन्तरिक जीवनमा कार्यविभाजनका सन्दर्भमा छलफल भएको जानकारी दिए ।

# एमाले 'मिसन ८४' मा छ :अध्यक्ष ओली

टुडे समाचारदाता

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले एमाले हाल 'मिसन-८४' लाई प्रमुख लक्ष्य बनाएर अघि बढेको बताएका छन् । 'मिसन ८४' अर्थात् विसं २०८४ मा हुने निर्वाचनमा देशको सबैभन्दा ठूलो दल बन्ने लक्ष्यका साथ एमाले अघि बढेको उनको भनाइ थियो । बुधबार विराटनगर आएका पूर्वप्रधानमन्त्री ओलीले विमानस्थलमा सञ्चारकर्मीहरूसँग संक्षिप्त कुराकानी गर्दै सो धारणा राखेका हुन् । उनले वर्तमान गठबन्धन सरकारले सरकार टिकाउने काममा मात्र लागेको आरोप पनि लगाए । साथै अध्यक्ष ओलीले नेपाली कांग्रेस ठूलो पार्टी भए पनि मुलुकको विकासमा समयानुकूल अघि बढ्न नसकेको बताए ।

# माओवादीले तोक्यो प्रदेश इन्चार्ज

टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले नेताहरुको कार्यविभाजन टुङ्ग्याएको छ । पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार सम्पन्न स्थायी समिति बैठकले नेताहरुलाई प्रदेशको इन्चार्ज र सहइन्चार्जको जिम्मेवारी तोकेको हो ।




माओवादीले कोशी प्रदेशको इन्चार्जमा हरिबोल गजुरेल र सहइन्चार्जमासावित्रीकुमारीकाफ्ले, मधेसको इन्चार्जमा सचिव लीलामणि पोखरेल र सहइन्चार्जमा स्थायी समिति सदस्य विश्वनाथ साह, बागमतीको इन्चार्जमा उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटालाई तोकेको छ ।

गण्डकी प्रदेशको इन्चार्जमा सचिव दीनानाथ शर्मा, सहइन्चार्जमा केन्द्रीय सदस्य हरिराज अधिकारी, लुम्बिनीको इन्चार्जमा चक्रपाणि खनाल र सहइन्चार्जमा स्थायी समिति सदस्य कुलप्रसाद केसी, कर्णालीको इन्चार्जमा कालिबहादुर मल्ल तथा सुदूरपश्चिम प्रदेशको इन्चार्जमा उपमहासचिव गिरिराजमणि पोखरेल र सहइन्चार्जमा केन्द्रीय सदस्य वीना मगरलाई तोकिएको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

बैठकले प्रवास प्रदेश समिति (मध्यपूर्व) इन्चार्जमा उपाध्यक्ष पम्फा भुसाल, भारत इन्चार्जमा लक्ष्मण पन्त र सहइन्चार्जमा टिवी पाठक, युरोप-अमेरिका इन्चार्जमा सुरेन्द्रकुमार कार्की तथा विशेष प्रदेश समिति इन्चार्जमा हितमान शाक्य र सहइन्चार्जमा यशोदा सुवेदीलाई तोकेको छ । केही प्रदेशको सहइन्चार्ज तोक्न बाँकी रहेको उनले बताए । बैठकले सङ्घीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई आ-आफ्नो निर्वाचित जिम्मेवारीअनुसार कार्यरत रहने निर्णय गरेको छ ।

बैठकले आगामी चैत १ गतेदेखि गर्ने भनिएको मधेस तराई राष्ट्रिय जागरण अभियान आगामी चैत १५ गतेदेखि गर्ने निर्णय गरेको छ । समय अपुग भएकाले तयारीका लागि उक्त अभियान १५ दिनपछि सारिएको प्रवक्ता सापकोटाले जानकारी दिए । उनका अनुसार बैठकले हिमाल, पहाड, मधेस राष्ट्रिय एकता अभियान वैशाख १५ देखि सञ्चालन गर्ने निर्णयसमेत गरेको छ । बैठकमा मिटरब्याजी, लघुवित्त समस्याका बारेमा वार्ता भइरहेकाले त्यसलाई सार्थक निष्कर्षमा पुर्याउन सरकारको ध्यानाकर्षण गराएको छ । साथै दुध किसानलगायत समस्या तत्काल समाधान गर्न सरकारसँग आग्रह गरेको प्रवक्ता सापकोटाले जानकारी दिए ।

# 'विकास निर्माणमा राजनीति नगरौं'

टुडे समाचारदाता

वालिङ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले विकास निर्माणमा राजनीति नगर्न आग्रह गरेका छन् । स्याङ्जाको चापाकोट नगरपालिकाले बुधबार चापाकोट-८ रत्नपुरमा आयोजना गरेको प्रस्तावित प्राकृतिक स्रोत व्यवस्थापन कलेज सञ्चालनसम्बन्धी छलफल कार्यक्रममा उहाँले सो आग्रह गरेका हुन् ।

"विकास निर्माण गर्दा सबैलाई समान ढङ्गले समेट्नु पर्छ, सबै जना हातेमालो गरेर अगाडि बढ्नुपर्छ, यसमा राजनीति गर्नु हुँदैन", उनले भने । सबै दल मिलेर मुलुकको समृद्धिका लागि अघि बढ्नुपर्ने मन्त्री गुरुङको भनाइ थियो । एक दलले अर्को दललाई शत्रु ठान्ने प्रवृत्ति बढ्दै जानु गलत भएको मन्त्री गुरुङले उल्लेख गरे । "पछिल्लो समय नेपाली राजनीतिमा गलत प्रवृत्ति बढ्दै गएको छ", उनले भने ।

छलफलमा सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठ, गण्डकी प्रदेशसभाका पूर्वसदस्य भागवतप्रकाश मल्ल, वन तथा कृषि क्याम्पस चितवनका डीन डा अर्जुन श्रेष्ठ र चापाकोटका नगर प्रमुख देवबहादुर खाँणले चापाकोटमा कृषि क्याम्पसको आवश्यकता र महत्वबारे धारणा राखेका थिए ।

Madhesh Province Government
Ministry of Industry, Commerce and Tourism
Janakpurdham, Nepal
**Invitation for Expression of Interest (EOI)**
First Publication date: 2080-11-17
Ministry of Industry, Commerce and Tourism Invites Expression of Interest (EOI) from eligible National Consulting firms to provide consulting services for "Preparation of Tourism Master Plan of Madhesh Province" EOI Reference: MoICT/TMP/EOI/01-2080/081. Interested eligible consultant may obtain further information through e-GP system www.bolpatra.gov.np/egp.

# समर्थनको विषयमा इजरेली प्रधानमन्त्री र अमेरिकी राष्ट्रपतिको कुरा बाझियो

**वीवीसी**

इजरेलले अमेरिकामा प्राप्त गरेको जनसमर्थनले हमासमाथि “पूर्ण विजय हासिल नभएसम्म“ लडाइँ जारी राख्न सघाउने इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहुले बताएका छन्।

मङ्गलवार एउटा विज्ञप्ति प्रकाशित गर्दै नेतन्याहुले एक सर्वेक्षणका आधारमा ८० प्रतिशतभन्दा बढी अमेरिकीहरू गाजा युद्धको विषयमा इजरेलको पक्षमा रहेको दाबी गरे। उनको यो टिप्पणी अमेरिकी राष्ट्रपति जो बाइडनले युद्धका कारणले इजरेलले विश्वको समर्थन गुमाउने खतरा रहेको चेतावनी दिएपछि आएको हो। विज्ञप्तिमार्फत् नेतन्याहुले गाजामा युद्ध सुरु भएदेखि नै “असमयमै युद्ध अन्त्य गराउन खोज्ने अन्तर्राष्ट्रिय दबावको सामना गरिरहेको र इजरेलको लागि समर्थन जुटाउने काम गरिरहेको“ पनि बताए।

“हामीले यसमा धेरै सफलता हात पारेका छौँ,“ ८२ प्रतिशत अमेरिकी जनताले इजरेललाई समर्थन गरेको देखाउने हार्भर्ड-ह्यारिस सर्वेक्षणलाई उद्धृत गर्दै नेतन्याहुले भने। “यसले हामीलाई पूर्ण विजय हासिल नभएसम्म हाम्रो अभियान जारी राख्न थप बल प्राप्त भएको छ।“असोसिएटेड प्रेस र एनओआरसीले गरेको अर्को सर्वेक्षणले यस वर्षको ज्यानुअरीमा अमेरिकाको वयस्क



जनसङ्ख्याको झन्डै आधाले इजरेलले “अति गरिसकेको“ विश्वास राखेको देखाएको थियो।गत वर्षको नोभेम्बरमा त्यस्तो सङ्ख्या ४० प्रतिशत मात्र थियो।

यसैबीच अमेरिकी अधिकारीहरूले भने सम्भावित युद्धविरामको सम्झौतामा काम गरिरहेको जनाएका छन्।सोमवार अमेरिकी राष्ट्रपति बाइडनले अमेरिकाले इजरेल र हमासबीच “अर्को सोमवारसम्म“ युद्धविराम हुने आशा राखेको बताएका थिए। यही सन्दर्भमा उनले इजरेलले “यही परम्परावादी सरकारलाई निरन्तरता दिए संसारभरि समर्थन गुमाउने“ भनेका थिए।

अमेरिकामा ह्वाइटहाउस र विदेश मन्त्रालयका अधिकारीहरूले मङ्गलवार अस्थायी युद्धविरामका विषयमा वार्ता जारी रहेको पुष्टि गरे पनि वार्ताको विवरण र सम्झौता हुन सक्ने समयबारे जानकारी दिन मानेनन्।ह्वाइटहाउसको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन कर्बीले बन्धकहरूलाई गाजाबाट निस्किने र मानवीय सहायता भित्र लैजाने विषयमा गत साता “महत्त्वपूर्ण प्रगति“ भएको बताए।

“हामीले यो प्रगतिलाई अगाडि बढाउँदै छौँ र राष्ट्रपति र उनको टोली त्यस क्षेत्रका महत्त्वपूर्ण साझेदारहरूसँग चौबिसै घण्टा सम्पर्कमा छन्,“ कर्बीले थपे।“तर राष्ट्रपतिले भनेझैँ अहिले केही ठोस निर्णय भइसकेको छैन र अझै धेरै काम गर्न बाँकी छ“यदि सहमति भए अहिलेको युद्धविरामले छ साताका लागि लडाइँ बन्द हुने कर्बीको अपेक्षा छ। लागु भएमा यो विगतका युद्धविरामहरूभन्दा लामो हुने छ“यसले द्वन्द्वको अन्त्य गर्न थप केही कदम चाल्न सहयोग पुग्न सक्छ,“ उनले भने।

विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरले पनि अमेरिकी कूटनीतिज्ञहरूले कतार, इजिप्ट र इजरेलसँगको सहकार्यमा “यो सम्झौतालाई अन्तिम चरणमा पुऱ्याउने प्रयास गरिरहेको“ बताए तर “अन्तिममा हमासको सहमति चाहिने“ पनि स्पष्ट पारे।एक हमास अधिकारीले यसअघि बीबीसीलाई बन्धक रिहाइभन्दा पनि समूहका लागि युद्धको अन्त्य महत्त्वपूर्ण रहेको भनेका थिए।

हमासले गत अक्टोबर ७ तारिखमा इजरेलको दक्षिणी क्षेत्रमा आक्रमण गर्दा १,२०० जनाको ज्यान गएको थियो भने २५३ जनालाई बन्धक बनाइएको थियो। बन्धकमध्ये केही रिहा भइसकेका छन्। हमासले गरेको अप्रत्याशित आक्रमणको जबाफ दिन इजरेले गाजामा सैन्य कारबाही थाल्यो।हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले त्यसयता गाजामा २९,८७८ जनाको मृत्यु भइसकेको र ७०,२१५ जना घाइते भएको जानकारी दिएको छ।

# नेपाल नेदरल्यान्ड्ससँग पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-२० शृंखलाअन्तर्गत बुधबार भएको खेलमा नेपाल नेदरल्यान्ड्ससँग दुई रनले पराजित भएको छ । यससँगै नेपालको यो लगातार दोस्रो हार हो । हिजो भएको पहिलो खेलमा नेपाल नामिबियासँग २० रनले पराजित भएको थियो ।



नेदरल्यान्ड्सले प्रस्तुत गरेको एक सय ८५ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ८२ रनमा समेटियो । नेपाललाई जितका लागि अन्तिम ओभरमा १५ रन चाहिएको थियो। नेपालका लागि उत्कृष्ट ब्याटिङ गरेका दिपेन्द्र सिंह ऐरीले पहिलो बलमा चौका र दोस्रो बलमा छक्का प्रहार गर्दै नेपाललाई जित नजिक पुऱ्याएका थिए । खेलको तेस्रो बलमा दोस्रो रन लिने क्रममा करण केसी रन आउट भए ।

चौथो बलमा ऐरी व्यक्तिगत ६३ रनमा बोल्ड आउट हुन पुगे । नेपाललाई जितका लागि ३ बलमा ४ रन चाहिएको थियो । उनी बोल्ड आउट हुन पुगे । दिपेन्द्रले ३४ बलमा छ चौका र तीन छक्का प्रहार गर्दै ६३ रन बनाए । त्यसपछि उनको स्थानमा आएका प्रतिश जिसीले पाँचौ बलमा रन लिन सकेनन् । छैटौँ बलमा उनले १ रन मात्र लिए । अन्ततः नेपाल नेदरल्यान्डसँग पराजित हुन पुग्यो ।

खेलमा नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले पनि अर्धशतक प्रहार गरे । उनले ३५ बलमा ६ चौका र दुई छक्काको मद्दतमा ५० रन जोडे । आशिफ शेखले २३ बलमा चार चौका र एक छक्काको मद्धतमा ३४ रन जोडे । कुशल मल्ल र करण केसीले समान ११/११ रन जोडे भने सन्दिप जोराले ८ रन बनाए ।

बलिङतर्फ स्याब्रान्ड एंगेलब्रेक्ट र रोलेफ भान डर मर्वेले समान दुई/दुई विकेट लिए भने आर्यन दत्त, भिभियन किंग्मा र टिम भान डर गुगटेनले समान एक/एक विकेट लिए । त्यसअघि कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै एक सय ८४ रनको योगफल बनाएको थियो ।

नेदरल्यान्ड्सका लागि माइकल लेभिटले सर्वाधिक ५४ रनको योगदान दिए । उनले ३६ बल खेल्दै पाँच चौका र तीन छक्काको सहयोगमा ५४ रन बनाएका हुन् । त्यस्तै स्याब्रान्ड एंगेलब्रेक्टले ३८ बल खेल्दै चार चौका र एक छक्काको मद्दतमा ४९ रन बनाए । स्कट एडवार्डसले १६ बल खेल्दै पाँच चौकाको मद्दतमा ३३ रन जोडे । तेजा निडामानिरुले ३१ रन जोड्दा म्याक्स ओडाउडले चार रन बनाए ।

बलिङतर्फ नेपालका करण केसी र कुशल मल्लले समान एक/एक विकेट लिएका थिए । नेपालले यही फागुन १८ गते नामिबियासँग खेल्नेछ ।

# बस खाल्डोमा खस्दा ६ जनाको मृत्यु

**सिन्हवा**

इस्लामावाद । पाकिस्तानको उत्तरपश्चिम खैबर पाख्तुनख्वा प्रान्तको हरिपुर जिल्लामा मङ्गलबार बस खाल्डोमा खस्दा कम्तीमा ६ जनाको मृत्यु हुनाका साथै अन्य १५ जना घाइते भएका छन् । सो जिल्लाको खानपुर क्षेत्रमा तीव्र गतिका कारण बस दुर्घटना भएको भएको उद्धार सेवाले जनाएको छ ।


मृतक र घाइतेलाई स्थानीय अस्पतालमा लगिएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार प्रत्यक्षदर्शीले महिला र बालबालिका बोकेको बस पहाडी क्षेत्रबाट पूर्वी रावलपिण्डी शहरतर्फ जाँदै गर्दा दुर्घटना भएको बताएका छन् । घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेकाले मृत्यु हुनेको संख्या बढ्न सक्ने अनुमान छ ।जीर्ण सवारी साधन, अव्यवस्थित सडक र सडक सुरक्षाको लापरवाहीका कारण पाकिस्तानमा प्रायः सडक दुर्घटना हुने गर्छन्।

# बाइडेन र ट्रम्प दुवै मिचिगनबाट निर्वाचित हुने करिब पक्का

**एएफपी**

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेन र पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प दुवै नेताले अमेरिकी राष्ट्रपतिका लागि अर्थपूर्ण मानिएको राज्य मिचिगनमा डेमोक्र्याटिक र रिपब्लिकन पार्टीको प्राइमरी मतदानमा जित हासिल गर्ने अनुमान गरिएको छ ।

एनबीसी न्यूज, द एसोसिएटेड प्रेस, द वासिङ्टन पोस्ट, द वाल स्ट्रिट जर्नल, एबीसी न्यूज लगायत सञ्चारमाध्यमले उत्तरी राज्यमा स्थानीय समयअनुसार राति ८:०० बजे मतदान सम्पन्न भएको केही मिनेटपछि उक्त प्रक्षेपण गरेका हुन् ।



राष्ट्रपति बाइडेनले मिनेसोटाका सांसद डीन फिलिप्सलाई सहजै पराजित गर्नुभएको छ । मिचिगनमा युवा साथै मुस्लिम र अरब अमेरिकी मतदातालगायत विभिन्न अधिकारकर्मीहरूले इजरायल-प्यालेस्टाइन द्वन्द्वलाई बाइडेन प्रशासनले गरेको व्यवहारको विरोधमा ‘अप्रतिबद्ध’ रूपमा मतदान गर्ने अभियानको संयोजन गरेका थिए ।

सन् २०१६ मा ट्रम्पले डेमोक्र्याटिक उम्मेदवार हिलारी क्लिन्टनलाई ११ हजार मतले पराजित गर्नुभएको मिचिगनमा बीस हजारभन्दा बढी डेमोक्र्याट मतदाताहरूले ‘अप्रतिबद्ध’ विकल्पको लागि मतदान गरेका छन् ।संयुक्त राष्ट्रसङ्घका लागि पूर्व अमेरिकी राजदूत तथा दक्षिण क्यारोलिनाकी पूर्वगभर्नर निक्की हेलीलाई पराजित गर्दै ट्रम्पले रिपब्लिकन पार्टीको तर्फबाट जित हासिल गर्नुभएको छ । मिचिगनका ५५ राष्ट्रपति प्रतिनिधिमध्ये १६ जनाको मात्र प्राथमिक नतिजाका आधारमा निर्णय गरिनेछ भने बाँकी प्रतिनिधि (डेलिगेट्स) लाई मार्च २ मा हुने रिपब्लिकन कन्भेन्सनमा वितरण गरिनेछ ।

इमर्सन कलेजपोलिङ/द हिलको नयाँ सर्वेक्षणअनुसार मिचिगनका ३१ प्रतिशत मतदाताका लागि अर्थतन्त्र सबैभन्दा ठूलो मुद्दा हो भने अन्य आप्रवासन, लोकतन्त्र, स्वास्थ्य सेवा, आवास कोलागि खतरा, शिक्षा, अपराध र गर्भपतन पहुँच उनीहरूको चासोको विषय हो ।मिचिगन अमेरिकी राष्ट्रपतीय चुनावमा मतका हिसावले एक महत्वपूर्ण राज्य हो । ट्रम्पले सन् २०१६ को राष्ट्रपतीय चुनावमा हिलरी क्लिन्टनलाई ०.२ प्रतिशतले पराजित गर्दै बिजयी हुनुभएको थियो । त्यसको चार वर्षपछि बाइडेनले २.८ प्रतिशत मतान्तरले जित हासिल गर्नुभएको थियो ।

अमेरिकी अधिकांश राज्यहरूमा राष्ट्रपतीय प्राइमरी मतदान हुने ‘सुपर ट्यूस्डे’ ननिकँदै छ । रिपब्लिकन वा डेमोक्र्याटिक अधिवेशनहरूमा भाग लिने लगभग एक तिहाइ प्रतिनिधिहरू सामान्यतया यस दिन तय गरिन्छ । यस वर्षको ‘सुपर ट्यूस्डे’ मार्च ५ मा परेको छ र उक्त दिन, लगभग १५ राज्य र एक क्षेत्रमा मतदान हुनेछ ।

आधिकारिक रूपमा पार्टीको प्रतिनिधिहरूद्वारा चयन गरिने राष्ट्रपति पदको उम्मेदवार जुलाईमा रिपब्लिकन नेशनल कन्भेन्सनभन्दा पहिले घोषणा हुनुपर्नेछ र यो जुनका लागि तय भएको छ । त्यसपछि अगस्टमा डेमोक्र्याटिक नेशनल कन्भेन्सन हुँदै सन् २०२४ को नोभेम्बर ५ मा अमेरिकी नया राष्ट्रपति चयनका लागि हुने मतदान हुनेछ ।

# साबित्रा भण्डारीले वाफ च्यामिपयनसिपको फाइनल गुमाउने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी फरवार्ड सावित्रा भण्डारी (साम्बा) ले साउदी अरेबियामा हुने वेष्ट एसियन फुटबल महासङ्घ (वाफ) महिला च्याम्पियनसिको फाइनल खेल गुमाउने भएकी छन् ।



अखिल नेपाल फुटबल सङ्घ (एन्फा) द्वारा विहिबार जारी विज्ञप्तिमा साम्बाले जोर्डन विरुद्धको फाइनल खेल नखेल्ने जनाइएको हो । गएराति सम्पन्न सेमिफाइनल खेलमा नेपालले लेवनानलाई २-१ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको थियो । साम्बा फ्रान्सेली क्लब एन अभान्ट ग्वेंगाम्पमा अनुबन्धित छिन् । उक्त क्लबसँगको सम्झौताअनुसार साम्बालाई फिफा विन्डोको खेल खेल्न मात्र अनुमति रहेको छ । जसअनुसार साम्बाले फाइन खेल खेल्न नपाउने भएकी हुन् ।

यसअघि समूह चरण र सेमिफाइलका खेल भने फिफा विन्डोमा भएका कारण उनले खेलेकी हुन् । फाइनल भने फिफा विन्डो बाहिरको खेल हो । वाफ च्याम्पियनसिपमा साम्बाले खेलेका सबै ४ खेलमा नै गोल गरेकी थिइन् ।उक्त चार खेलमा उनको गोल संख्या नौ रहेको छ । साम्बा फ्रेन्च लिग खेल्ने साउदी अरेबियाबाट फ्रान्स जाने एन्फाले जनाएको छ । उक्त प्रतियोगिताको फाइनल खेल विहिबार हुनेछ ।

# नाभाल्नीको अन्त्येष्टि शुक्रबार मस्कोमा हुने



**एएफपी**

वार्सा । आर्कटिक जेलमा गत हप्ता मृत्यु भएका रूसी विपक्षी नेता एलेक्सी नाभाल्नीको अन्त्येष्टि शुक्रबार मस्कोको एक चर्चमा गरिने भएको उहाँका राजनीतिक सहयोगीले बताएका छन् ।

नाभाल्नीको मृत्यु भएको एक साताभन्दा बढी समयपछि अधिकारीहरूले गत शनिबार उहाँको शव उहाँकी आमालाई सुम्पेका थिए ।नभाल्नीका सहयोगी समूहले सामाजिक सञ्जालमा बुधबार पोष्ट गरेको सन्देशमा भनिएको छ, “नभाल्नीको अन्त्येष्टि १ मार्चका दिन मेरिनोको ‘मदर अफ गड क्वेन्च माई सोरोज’ नामक चर्चमा स्थानीय समय अनुसार दिउसो २:०० बजे गरिनेछ । सबै जना समयमै त्यहाँ आइपुग्नुहोला ।”

उहाँको अन्त्येष्टि नजिकैको बोरिसोभ कब्रिस्तानमा गरिने बताइएको छ । उहाँको टोलीले सेवा आयोजना गर्न इच्छुक चर्च भेट्टाउन गाह्रो भएको बताएको छ।“हामीले मार्च १ का लागि चर्च र हल खोज्न थाल्यौं। जताततै तिनीहरूले हामीलाई केही पनि दिन इन्कार गरे । केही ठाउँमा हामीलाई यो निषेध गरिएको बताइयो,” निर्वासित सहयोगी इवान झादानोभले पोष्ट गरेको सन्देशमा भनिएको छ ।

“हामीलाई उनीहरूको निर्देशनको कुनै मतलव हुने छैन । नाभाल्नीको अन्त्येष्टि आवश्यक छ। अन्तिम सम्मान गर्ने मौका पाउनका लागि पहिल्यै आउनु नै बेस हुन्छ,” उहाँले सन्देशमा लेख्नुभएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका सबैभन्दा मुखर आलोचक नाभाल्नीको गत फेब्रुअरी १६ मा उत्तरी साइबेरियाको सबैभन्दा कठिन कारागारमा निधन भएको थियो ।

# निसानले जापानमा सेल्फ ड्राइभिङ ट्याक्सी सेवा सञ्चालन गर्ने

**एएफपी**

टोकियो । निसानले सन् २०२७ को अप्रिलदेखि जापानमा सेल्फ ड्राइभिङ ट्याक्सी सेवा सुरु गर्ने भएको छ ।कम्पनीले टोकियोको दक्षिणमा रहेको योकोहामाको क्षेत्रमा सानो भ्यानको प्रयोग गरी आगामी आर्थिक वर्षको अप्रिलदेखि व्यावसायिक सेवाको परीक्षण सुरु गर्ने जनाएको छ ।




निसानले एक विज्ञप्तिमा भनेको छ, “वृद्ध जनसंख्याको कारण जापानका स्थानीय समुदायले गाडी चालकको कमीलगायत धेरै गतिशीलता चुनौतीहरूको सामना गरिरहेका छन् ।”


कम्पनीले भनेको छ, “नयाँ सेवाहरूको विस्तृत दायरा प्रदान गर्न र निः शुल्क आवागमन सुनिश्चित गर्न कम्पनीमा स्थानीय अधिकारीहरू र यातायात सञ्चालकहरूसँग काम गर्ने योजना बनाएको छ ।”निसानले सन् २०१७ देखि जापान र विदेशमा ‘सेल्फ ड्राइभिङ मोबिलिटी’ सेवाका लागि व्यवसायिक नमूनाको परीक्षण गरिरहेको जनाएको छ ।

गत वर्ष यसको प्रतिद्वन्द्वी होन्डा, अमेरिकी विशाल कार कम्पनी जनरल मोटर्स र जीएमको अटोनोमस ड्राइभिङ युनिट क्रुजले संयुक्त उद्यम स्थापना गर्ने घोषणा गरेका थिए । उनीहरूले सन् २०२६ को सुरुमा जापानमा चालकविहिन सवारी सेवा सुरु गर्नेछन् । टोयोटाले यसै वर्षको अन्त्यतिर टोकियोको सीमित क्षेत्रमा लेभेल-४ सवारी सेवा सुरु गर्ने योजना बनाएको छ ।

# मिनी म्याराथुनमा दौडिँदै ४८ महिलासहित ८९ चेपाङ

**टुडे समाचारदाता**

चितवन । नारायणगढदेखि रत्ननगरसम्म आयोजना गरिएको मिनी म्याराथुनमा ४८ महिलासहित ८९ जना चेपाङ समुदायका नागरिक सहभागी हुने भएका छन् । सबै क्षेत्रमा पछाडि परेको चेपाङ समुदायबाट ठूलो संख्यामा मिनी म्याराथुनमा सहभागी हुनुलाई सकारात्मक रुपमा लिइएको छ ।



रोटरी क्लब अफ रत्ननगरले यही फागुन १९ गते आयोजना गरेको ‘रोटरी मिनी म्याराथुन’ मा उनीहरु सहभागी हुन लागेका हुन् । प्रतियोगितामा अल्पसंख्यक समुदायका रुपमा रहेको चेपाङ समुदायबाट ४८ जना महिला र ४१ पुरुष गरी ८९ जना सहभागी हुने भएका आयोजकले जनाए । प्रतियोगितामा लामो दूरी पार गर्ने चेपाङ समुदायलाई नगद रु दुई हजार र छोटो दूरीका चेपाङ महिलालाई रु एक हजार पुरस्कारको व्यवस्था गरिएको छ ।

म्याराथुन कार्यक्रमका संयोजक बिपिन पोखेलका अनुसार खुल्लातर्फको १५ दशमलव चार किलोमिटर र महिला लक्षित पाँच किलोमिटर दूरीको दौड प्रतियोगिता हुनेछ । प्रतियोगितामा दुवै समूहतर्फ गरी छ सय दुईजनाले सहभागिताका लागि नाम दर्ता गराएको पोखेलले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा राष्ट्रिय तथा अन्तर ाष्ट्रिय धावकको पनि सहभागिता रहने छ ।

उनले भने, “जर्मनी र केन्याका दुई/दुईजना धावकले प्रतियोगितामा सहभागिता जनाउने भएका छन् ।” नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, सीमान्तकृत समुदायका धावकहरुको पनि सो दौडमा सहभागिता रहने छ ।

क्लबका अध्यक्ष हरिकुमार श्रेष्ठका अनुसार १५ दशमलव चार किलोमिटरको दौड नारायणगढको उद्योग वाणिज्य सङ्घको कार्यालय नजिकबाट सुरु हुने छभने पाँच किलोमिटरको दौड टिकौली जङ्गलको मध्यभागबाट सुरु गरिने छ । दुवै दौड रत्ननगरको हरिहर मार्गमा सम्पन्न हुनेछ । भरतपुर भ्रमण वर्षलाई लक्षित गर्दै रोटरीको जनविश्वास बढाउनका लागि प्रतियोगिता आयोजना गरिएको उहाँले बताउनुभयो । भरतपुर भ्रमण वर्ष र समग्र चितवनको पर्यटन प्रवर्द्धनका लागि प्रतियोगिता आयोजना गरिएको आयोजकको भनाइ छ । क्लबले आयोजना गरेको यो दोस्रो मिनी म्याराथुन हो ।

# सुन्तला बगैँचा व्यवस्थापन प्रोत्साहन सहयोग प्रभावकारी



**टुडे समाचारदाता**

गण्डकी । पोखरा महानगरपालिकाले सञ्चालन गरेको 'सुन्तला बगैँचा व्यवस्थापन प्रोत्साहन सहयोग' कार्यक्रम प्रभावकारी बन्दै गएको छ । सुन्तला प्रशस्त फल्ने गरेका भरतपोखरी, हङ्सपुर, पुरञ्चौरलगायत स्थानमा 'सिक्टस ग्रिनिङ' (सुन्तलामा लाग्ने रोग, जसले उत्पादन घटाउँछ) सङ्क्रमणका कारण एक दशक अघि खेती सखाप भएको थियो । यहाँका फेदीपाटन, दोपहरे, खर्च्याङ, मास्पाटनलगायत स्थानमा भने अहिले पनि सुन्तला खेती गरिँदै आइएको छ । यहाँका सुन्तलामा असिनाका कारण क्षति पुगे पनि अन्य रोगजन्य सङ्क्रमण भने देखिएको छैन ।

सुन्तला भएका स्थानलाई लक्षित गरी पोखरा महानगरपालिकाले यहाँको वडा नं २१ र २२ मा चार वर्षदेखि सुन्तला बगैँचा व्यवस्थापन प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको महानगरका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिए । कार्यक्रमसँगै परम्परागत रुपमा सुन्तला खेती गर्दै आएका किसानले बगैँचा व्यवस्थापनमा ध्यान दिन थालेको उनले बताए । कार्यक्रमअन्तर्गत प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि किसानले मलखाद, बोडो पेस्ट, बोडो मिक्स्चर स्प्रे गरी छापो प्रयोग गर्नुपर्दछ । अघिल्लो वर्षसम्म उक्त प्रक्रिया पूरा गरेका किसानलाई प्रतिबोट रु एक सय उपलब्ध गराएको महानगरले यस वर्ष प्रतिबोट रु एक सय ५० उपलब्ध गराउने भएको छ ।

आवश्यक प्रक्रिया पूरा गर्नका लागि ३५ दिने समयावधिसहित माघ मसान्तसम्म समय दिएर सूचना निकालिएको जानकारी दिँदै कडरियाले प्राप्त निवेदन अनुसार आवश्यक मापदण्ड पूरा गरेका किसानलाई अनुगमन पश्चात् सहयोग उपलब्ध गराइने जानकारी दिए । यसवर्ष लगभग २५ हजार बोटका लागि प्रोत्साहन अनुदान प्रदान गरिने उनले बताए । उक्त कार्यक्रम लागू भएपछि सुन्तला उत्पादनमा पनि वृद्धि भएको किसान बताउँछन् । असिनाको प्रकोप व्यहोर्न नपर्ने हो भने यस क्षेत्रमा सुन्तलाबाट मनग्य आम्दानी हुने गरेको उनीहरूको भनाइ छ । कार्यक्रमअन्तर्गत अघिल्लो वर्ष किसानलाई लगभग रु २५ लाख प्रोत्साहन अनुदान उपलब्ध गराइएको प्रमुख कडरियाले जानकारी दिए ।

# विद्युत् प्राधिकरणले छ महिनामा कमायो रु १५ अर्ब ३६ करोड

**टुडे समाचारदाता**

काठमाण्डु । सार्वजनिक संस्थानमध्ये सबल र सक्षम बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो छ महिनामा रु १५ अर्ब ३६ करोड बराबर नाफा कमाएको छ ।




प्राधिकरणको चालु आवको छ महिनाको वित्तीय विवरण (अपरिष्कृत) अनुसार यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट कूल रु ६७ अर्ब २८ करोड ७७ लाख आम्दानी गरेको हो । विद्युत् खरिद, प्रशासनिक, आयोजना लगायतमा जम्मा रु ५१ अर्ब ९२ करोड ७१ लाख खर्च भएको छ । प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरिद तथा आयोजनामा हुने गरेको छ ।

प्राधिकरणले समीक्षा अवधिमा रु १५ अर्ब ३६ करोड ६ लाख नाफा (करकट्टी गर्नुअघि) आर्जन गरेको छ । गत आर्थिक वर्ष २०७९/८० को सोही अवाधिमा प्राधिकरणको नाफा रु १० अर्ब ९१ करोड ६० लाख थियो । गत आवको पहिलो छ महिनाको तुलनामा प्राधिकरणको नाफा चालु आवको सोही अवधिमा रु चार अर्ब ४४ करोड ४६ लाखले बढी हो । गत आवको नाफा रु १२ अर्ब ३३ करोड थियो । आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षबाट निरन्तर नाफामा छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् चुहावट नियन्त्रण, आन्तरिक रुपमा तथा भारतर्फको विद्युत् निर्यात बढ्दा आम्दानीमा वृद्धि भएको भन्दै खर्च नियन्त्रणलगायतले गर्दा चालु आवको पहिलो छ महिनामा उल्लेख्य नाफा कमाउन सफल भएको बताए ।

"बजेट सीमितताका कारण सरकारबाट लगानीका लागि पर्याप्त रकम पाउन सकिरहेका छैनौँ । यस्तो जटिल अवस्थामा संस्थाले कमाएको नाफाबाट विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरण, विद्युतीकरणतर्फका आयोजनामा हरेक वर्ष अर्बौ रुपैयाँ लगानी गरिरहे

विद्युत्मा आत्मनिर्भर बन्न, आन्तरिक रुपमा खपत बढाउन र उपभोक्तालाई गुणस्तरीय र भरपर्दो विद्युत् उपलब्ध गराउन उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनामा आगामी वर्षमा रु १२ खर्बभन्दा बढीको लगानी आवश्यक पर्ने भन्दै नगद प्रवाहका लागि संस्थाको नाफाले नपुग्ने प्राधिकरणको बुझाइ छ ।

प्राधिकरणले चालु आवको छ महिनामा विद्युत् बिक्रीबाट रु ४५ अर्ब ४९ करोड ३८ लाख सङ्कलन गरेको छ । यस अवधिमा देशभित्रका ऊर्जा उत्पादकबाट र भारतबाट आयात गरी रु ३० अर्ब ४८ करोड ५८ लाखको विद्युत् खरिद गरिएको छ । प्राधिकरणका सहायक तथा सम्वद्ध कम्पनीबाट रु २८ अर्ब ४९ करोड ९६ लाख र भारतबाट रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको हो ।

समीक्षा अवधिमा सरकारमार्फत विनियोजन गरिएको वैदेशिकतर्फ रु नौ अर्ब तीन करोड ८४ लाख खर्च भएको छ । १३ अर्बको विद्युत् निर्यात, दुई अर्बको आयात गरिएको जनाइएको छ । विद्युत् प्राधिकरणको चालु आवको पहिलो छ महिनामा रु १३ अर्ब ३८ करोड ५६ लाखको विद्युत् भारततर्फ निर्यात गरेको छ । सोही अवधिमा रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ ।

समीक्षा अवधिमा रु एक अर्ब ४७ करोड ६४ लाख युनिट विद्युत् निर्यात गरिएको छ । सुख्खायाम सुरुभएसँगै नदी तथा खोलानालामा पानीको बहाव घटेर जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटेपछि अहिले देशभित्रको आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात भइरहेको छ । समीक्षा अवधिमा २२ करोड पाँच लाख युनिट विद्युत् आयात गरिएको छ । वर्षायाम सुरुभएसँग फेरि विद्युत् निर्यात सुरु हुने कार्यकारी निर्देशक घिसिङको भनाइ छ ।

# कृषिमा स्वयत् क्रान्तिको चर्चा

**टुडे समाचारदाता**



बलेवा । बागलुङमा वार्षिक झण्डै एक करोड ५५ लाख ९९ हजार दुई सय लिटर दूध उत्पादन हुने गरेको छ । जुन उत्पादन जिल्लाको जनसंख्याका लागि पुग्ने हो ।

विश्व खाद्य सङ्गठनको मापदण्ड अनुसार एकजनाका लागि वार्षिक ९१ लिटर दूध आवश्यकता हुन्छ । एक लाख ६८ हजार सात सय १३ जनसंख्या रहेको जिल्लामा वार्षिक एक कारोड ५३ लाख ५२ हजार आठ सय ८३ लिटर दूध भएपुग्छ । आवश्यकताभन्दा प्रतिव्यक्ति वार्षिक १.४६ लिटर दूध बढी उत्पादन भइरहेको जिल्लाले अझै पनि दुग्धजन्य उत्पादनबाट आयआर्जन गर्न सक्ने कृषि विज्ञको भनाइ छ ।

बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा सञ्चालित अनन्तश्री ब्रह्माण्डीय महायज्ञमा मङ्गलबार आत्मनिर्भरमुखी राष्ट्रिय कृषि सम्मेलन भएको थियो । सम्मेलनमा सहभागी विज्ञहरुले स्वयात् क्रान्ति अर्थात दूध र दुग्धजन्य उत्पादनबाट लिन सकिने लाभको विषयमा चर्चा गर्नुभयो । अत्मनिर्भर हुनेगरी कृषि कर्म गर्दा हरित क्रान्ति र स्वयात् क्रान्तिको आवश्यकता रहेको उहाँहरुको भनाइ थियो ।सम्मेलनमा गण्डकी प्रदेशका कृषि मन्त्रालयअन्तर्गतका कृषि विज्ञ, बागलुङ, पर्वत र म्याग्दीका कृषि ज्ञान केन्द्र र भेटेरिनरी तथा पशुसेवा विज्ञ केन्द्रका विज्ञका साथै स्थानीय किसानको उपस्थिति थियो ।

गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयका प्रदेश सचिव डा टङ्कप्रसाद प्रसाईँले कृषिमा दुई क्रान्तिको आवश्यक रहेको बताए । उनले कृषिको विकासका लागि हरित र स्वयात् क्रान्तिको आवश्यकता रहेको बताए । सचिव प्रसाईँले हरित क्रान्तिमार्फत कृषि क्षेत्रमा ताजा तरकारी, करेसाबारीको व्यवस्थापन, व्यावसायिक तरकारी खेतीका साथै आवश्यक खाद्यान्न उत्पादन र फलफूलखेती गर्नुपर्ने भन्दै स्वयात् क्रान्तिमार्फत दुग्धजन्य पदार्थ उत्पादनको लागि पशुपालन र दूध उत्पादन प्रशस्त मात्रामा गरिनुपर्ने बताए ।

"मनाङ, मुस्ताङ र कास्कीमा उत्पादन न्यून छ । यी तीन जिल्लामा उत्पादनमा जोड दिनुपर्ने अवस्था छ । ती जिल्लामा विशेष कार्यक्रम लागू गर्नुपर्ने हुन्छ," उनले भने, "गोरखा, लमजुङ, तनहुँ, पर्वत, स्याङ्जा र बागलुङ जिल्लामा खाद्यान्न आवश्यकस्तरमा उत्पादन हुन्छन् । गण्डकी प्रदेश पर्यटकीय र धार्मिक पर्यटकीय प्रदेश भएकाले बाहिरबाट आउने पर्यटकलाई प्रयाप्त मात्रमा स्थानीयस्तरमा उत्पादित खाद्यान्न खुवाउनको लागि उत्पादन बढाउनुपर्ने हुन्छ ।"

प्रदेशमा स्थानीय जातका अन्नबाली बढाउनुपर्ने देखिएको छ । "खाद्यान्नबाली, तरकारी, फलफूलखेती गर्दै उत्पादनमा जोड दिनुपर्ने अवस्था देखिएको छ । दूध उत्पादनमा पनि प्रदेशले विशेष जोड दिनुपर्छ", डा प्रसाईँले भने । उत्पादन बढाउनका लागि सामूहिकताको खेतीलाई विस्तार गर्नुपर्ने र भूमिको विकास गर्दै व्यावसायिक खेती गर्नु अहिलेको अपरिहार्य देखिएको उनको भनाइ छ ।गण्डकी प्रदेश सरकारले दुग्ध व्यवसाय, सुन्तला बगैँचा स्थापना, तरकारी खेती, कुखुरापालन, बाख्रापालन, स्याउखेती, नमुना कृषि गाउँ, कृषि पर्यटन केन्द्रीत कार्यक्रमलाई प्राथमिकता दिएर काम गरिरहेको छ । स्थानीय जातका अन्नबालीलाई व्यावसायिक गराएर आत्मनिर्भर बनाउने तर्फ प्रदेश लागेको छ ।

आत्मनिर्भर बनाउनको लागि कृषि उत्पादन मात्र भएर नहुने बताउँदै प्रशोधन उद्योगको स्थापना गरिनुपर्नेमा सचिव प्रसाइँले जोड दिए । "कृषि उत्पादन मात्र हुँदैन प्रशोधन उद्योग आवश्यक पर्छ", उनले भने, "त्यसका लागि कोलस्टोर निर्माण, दुग्ध चिस्यान, सङ्कलन केन्द्र , पशु र कृषि बीमा कार्यक्रमलाई जोड दिनु आवश्यक छ ।" स्थानीय विकासका लागि सिँचाइ सुविधाको आवश्यकता रहेको बताउँदै सिँचाइ कार्यक्रमलाई सँगसँगै लैजानुपर्नेमा सचिव प्रसाइँले जोड दिए । वैज्ञानिक प्रविधिको प्रयोग गरेर स्थानीय जातका कृषि बालीलाई प्रोत्साहन र स्थानीय जातका पशुको संरक्षण गरिनुपर्ने उनको भनाइ छ ।

"विज्ञानमा आधारित प्रविधिलाई प्रवर्द्धन, स्थानीय जातका कृषि बालीलाई प्रशोधन गर्दै, पशुको पनि संरक्षण गर्नुपर्छ," प्रसाइँले भने, "वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्दै उत्पादकत्व बढाउन कृषि मन्त्रालयल अगाडि बढीरहेको छ । स्थानीय गाईको संरक्षणका लागि गौशालाको कार्यक्रम सञ्चालन गरिरहेको छ ।" उनले बाँझो जग्गालाई कृषि भूमियोग्य जमिन बनाउने बारेमा प्रदेश सरकार चिन्तित रहेको बताए । प्रसाइँका अनुसार प्रदेश सरकारले उत्पादित खाद्यान्नको मूल्यलाई स्थिरता ल्याउने, रोगको सङ्क्रमणलाई उन्मूलन गर्न खोप कार्यक्रम अगाडि बढाएको छ । जलवायु परिवर्तन अनुकूल हुनेगरी प्रदेशले कृषि कार्यक्रम बढाइरहेको उनले बताए ।

सम्मेलनमा नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले जमिनलाई बाँझो नराख्न सुझाव दिए । उनले जे गर्दा पनि जमिनबाट उत्पादन हुने बताउँदै बाँझो जमिनलाई कृषि भूमिको रुपमा प्रयोग गरेर उत्पादन बढाउनुपर्ने बताए । सभापति शर्माले सुविधाको खोजीमा नेपाली युवा विदेशी रहेको बताउँदै संस्कार सुधारेर देश विकासमा लाग्नुपर्नेमा जोड दिए । उनले नेपाली बैद्धिक सनातन धार्मिक स्वतन्त्रताका पक्षपाती रहेको बताए ।

स्वामी मुक्तिनाथ बाबा कमलानयन आचार्यले माटोको पहिचान गरेर उत्पादन गरेमा नेपाली खाद्यान्नको लागि परनिर्भरता बन्नुपर्ने बताए । "भारतबाट सागसब्जी नआउने हो भने हाम्रो उपाय लाग्दैन", उनले भने, "परनिर्भरतामा हामी परआश्रित भएर बाच्नुपरेको छ । विभिन्न ठाउँको माटोको पहिचान गरेर उत्पादन गर्ने हो भने हामी परनिर्भरता बन्नुपर्ने थिएन ।"मङ्गलबार सम्पन्न आत्मनिर्भरमुखी राष्ट्रिय कृषि सम्मेलनमा गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराई, बागलुङ, पर्वत र म्याग्दीका कृषि र पशु कार्यालयका कृषि तथा पशुपक्षी विज्ञहरुका साथै किसानको उपस्थिति थियो ।

# सल्लाको खोटोबाट आम्दानी



**टुडे समाचारदाता**

घोराही । दाङमा पछिल्लो समय सल्लाको खोटोबाट आम्दानी बढ्दै गएको छ । खोटो बिक्री गरेर वन समूहले आम्दानी गर्न थालेपछि खोटो सङ्कलन गर्ने क्रम पनि बढेको हो ।

आर्थिक बर्ष २०७९/८० मा जिल्लाका नौवटा समुदायिक वनबाट एक लाख सात हजार नौ सय सात केजी खोटो सङ्कलन भएर बिक्री हुँदा रु १२ लाख ९४ हजार सात सय चार आम्दानी भएको डिभिजन वन कार्यालयका प्रमुख मोहन श्रेष्ठले जानकारी दिए । आव २०७८/७९ मा सात हजार दुई सय ५६ केजी सल्लाको खोटो सङ्कलन गरिएको थियो । उक्त वर्ष खोटो बिक्रीबाट रु नौ लाख ३९ हजार २७ मात्रै आम्दानी भएको थियो । अघिल्लो आवको तुलनामा पछिल्लो समय सल्लाको खोटो सङ्कलन गर्ने कार्य बढेको उनको भनाइ थियो । आव २०७९/८० मा बागेश्वरी सामुदायिक वनबाट दुई हजार दुई सय १० केजी खोटो निकासी हुँदा रु २६ हजार पाँच सय २०, सरस्वती सामुदायिक वन समूहबाट २५ हजार ८० केजी खाटो बिक्री हुँदा रु तीन लाख नौ सय ६० आम्दानी गरेका गरेका थिए ।

त्यसैगरी, गैरीकुण्ड दर्शाकोट सामुदायिक वन समूहबाट २० हजार छ सय ५८ केजी खोटो बिक्री हुँदा रु दुई लाख ४७ हजार आठ सय ९६, जौलीपोखरी सामुदायिक वन समूहबाट सात हजार तीन सय दुई केजी खोटो बिक्री हुँदा रु ८७ हजार छ सय २४, घोरले संगरगैरा सामुदायिक वन समूहबाट तीन हजार ४३ केजी खोटो बिक्री हुँदा रु ३६ हजार पाँच सय १६, जनचेतना सामुदायिक वन समूहबाट आठ हजार चार सय ५० केजी खोटो बिक्री हुँदा रु एक लाख एक हजार चार सय, शिव सामुदायिक वन समूहबाट एक हजार आठ सय ३२ केजी खोटो बिक्री हुँदा रु २१ हजार आठ सय ८४, भूमेवराह सामुदायिक वन समूहबाट सात हजार आठ सय ७५ केजी खोटो बिक्री गर्दा रु ९४ हजार पाँच सय र ओखलढुङ्गा सामुदायिक वन समूहबाट ३१ हजार चार सय ५४ केजी खोटो बिक्री गर्दा रु तीन लाख ७७ हजार चार सय ८४ आम्दानी भएको प्रमुख श्रेष्ठले जानकारी दिए । सल्लाको खोटो बिक्री गरेर आम्दानी भएको ७५ प्रतिशत रकम सम्बन्धित वन समूहको कोष र २५ प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने गरेको उनको भनाइ थियो ।

> वन समूहले सल्लाहको खोटो बिक्री गरेर भएको आम्दानी वन समूहकै संरक्षणसंगै खानेपानीका लागि धारा, बाटो र विद्यालय निर्माणमा तथा सामुदायिक वन सुधार कार्यमा लगाउने गरेको ओखलढुङ्गा सामुदायिक वन समूहका सचिव लोकबहादुर गाहामगरले बताए ।

जिल्लामा बङ्गलाचुली गाउँपालिकाबाट खोटो सङ्कलन हुने गरेको छ । सामुदायिक वन समूहले जङ्गलमा रहेका सल्लाका रूखबाट उत्पादन हुने खोटो बिक्री गरेर वार्षिक लाखौँ रुपैया आम्दानी गरेर सामाजिक कार्यमा लगाउने गरेका छन् । वन समूहले सल्लाहको खोटो बिक्री गरेर भएको आम्दानी वन समूहकै संरक्षणसँगै खानेपानीका लागि धारा, बाटो र विद्यालय निर्माणमा तथा सामुदायिक वन सुधार कार्यमा लगाउने गरेको ओखलढुङ्गा सामुदायिक वन समूहका सचिव लोकबहादुर गाहामगरले बताए । उक्त वन समूहले जिल्लामा सबैभन्दा धेरै खोटो बिक्री गर्दै आएको छ । जिल्लामा समुदायिक वनबाट सङ्कलन भएको खोटो गङ्गा रोजिन एन्ड गम टर्पिनटाइन कम्पनीले प्रतिकेजी रु १२ का दरले खरिद गर्ने गरेको छ ।

# विद्युतीय व्यापार विधेयकमा निजी क्षेत्रको सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल उद्योग परिसङ्घ, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र नेपाल एसोसिएसन फर सफ्टवेयर एण्ड आइटी सर्भिसेस् कम्पनीज्ले विद्युतीय व्यापार विधेयकमा गरिनुपर्ने सुधारसम्बन्धी सुझाव सरकार र संसदीय समितिसमक्ष पेस गरेका छन् ।

परिसङ्घसहित तीन संस्थाका प्रतिनिधिले सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा र संसदीय शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिका सभापति भानुभक्त जोशीसँग छुट्टाछुट्टै भेट गरी प्रस्तावित विधेयकमा गरिनुपर्ने सुधारसम्बन्धी सुझाव पेस गरेका हुन् ।

परिसङ्घको सूचना प्रविधि परिषद्का सभापति अजित विक्रम शाहसहितको टोलीले मङ्गलबार मन्त्री शर्मासँग भेट गरी विद्युतीय व्यापारसम्बन्धी व्यवस्था ल्याइनु सकारात्मक भए पनि विधेयकको परिभाषा, विद्युतीय व्यापार सम्बद्ध पक्षको दायित्व, सजायको व्यवस्था तथा अन्तर्राष्ट्रिय बजारमा पहुँचजस्ता प्रमुख पक्षमा स्पष्ट गर्न आग्रह गरेको छ ।

साविकमा भएको व्यवस्था, संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था र संशोधन गर्नुपर्ने कारणसहित खुलाई तीन महले ढाँचामा सुधार गर्नुपर्ने सुझाव उपलब्ध गराइएको छ । सो अवसरमा नेपालमा ठूला लगानीकर्ताले सूचना प्रविधि क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन पनि आग्रह गरिएको थियो ।

सुझाव ग्रहण गर्दै मन्त्री शर्माले सूचना प्रविधि र साइबर सुरक्षालगायतका आवश्यक कानुन निर्माणको प्रक्रियामा सरकार लागिरहेको बताए ।

# छाडा चौपायाबाट बाली जोगाउन सकस

**टुडे समाचारदाता**

कैलाली । धनगढी आसपासका क्षेत्रमा छाडा पशुचौपायाका कारण खेतमा लगाइएको बालीनाली जोगाउन किसानलाई सास्ती हुन थालेको छ ।

छाडा पशुचौपायाको व्यवस्थापन हुन नसक्दा किसानले हैरानी खेप्नु परेको धनगढी उपमहानगरपालिका-२ का टेकराज जोराले दुःखेसो पोखे । रातको समयमा छाडा पशु आएर खेतमा लगाइएको अन्नबाली, तरकारी खाएर सखाप पारिदिने गरेको उनले बताए । गतवर्ष पनि छाडा चौपायाले आफूले लगाएको खाद्यान्न बाली र तरकारी खाएर ठूलो नोक्सानी ब्योहोर्नु परेको किसान जोराको भनाइ छ ।

छाडा चौपायाले करिब एक बिघा जमिनमा लगाइएको गहुँ बालीमा नोक्सान पुऱ्याएको धनगढीका किसान तेजुराज चौधरीले बताए । "छाडा गाईगोरु दिनभर बजार क्षेत्रमा डुलेर हैरानी गर्छन् । रात परेपछि खेतबारीमा लगाएको खाद्यान्न बाली नोक्सान गर्दछन", उनले भने ।



उपमहानगरले छाडा पशुचौपायाको व्यवस्थापनका लागि वडा नं ७ स्थित देवहरियामा गौशाला निर्माण गरेको छ । धनगढी- ३ चटकपुरमा केही वर्षदेखि गौ संरक्षण सेवा समितिमार्फत गौशाला निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

त्यस्तै अन्य स्थानमा पनि गौशाला बन्ने क्रममा छन । कतिपय स्थानमा काञ्जिहाउस समेत निर्माण गरिएका छन् । दूध दिउञ्जेलसम्म गाई पाल्ने र दूध दिन छाडेपछि छाडारुपमा छाड्ने प्रवृतिका कारण छाडा पशुको व्यवस्थापनमा कठिनाइ थपिएको स्थानीय अगुवाको भनाइ छ ।

धनगढीसँग पश्चिम सिमाना जोडिएको छिमेकी जिल्ला कञ्चनपुर, गोदावरी नगरपालिका र खुला भारतीय सिमानाका कारण चौपाया छाडा पशु भित्रिने क्रम नरोकिएकाले व्यवस्थापनमा चुनौती थपिएको गौ-संरक्षण सेवा समितिका उपाध्यक्ष चेतराज अवस्थीले बताए । उनका अनुसार धनगढीको देउरियामा निर्माण गरिएको गौशालामा सयौं छाडा पशु रहेका छन् ।

छाडा चौपायाको व्यवस्थापनका लागि यहाँको स्थानीय तहबाट केही प्रयास भए पनि समस्या समाधान हुन नसकेको अवस्थीले बताए । छाडा पशुको व्यवस्थापन गर्न स्थानीय तहका साथै सरोकारवाला निकायले पनि ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

# हरिपूर्वा नगरपालिकाको सेवा ठप्प, विद्यार्थीको भविष्य अन्योलमा



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपूर्वा नगरपालिकाका कर्मचारीले तलब नपाएको भन्दै आन्दोलनमा उत्रेको करिब अढाइ साता भएको छ । उनीहरु आन्दोलनस्वरुप १४ दिनदेखि धर्ना बस्दै आएपछि विद्यालयसमेत बन्द भएको छ । जसले गर्दा विद्यार्थीहरुको भविष्यसमेत अन्योल बनेको छ ।

वितेको साउनदेखिको तलब माग गर्दै नगरपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी कार्यालय बन्द गरेर निरन्तर धर्नामा बसिरहेका छन् । आठ महिनासम्म बजेट सञ्चालन नभएर तलब नपाउँदा घर, व्यवहार धान्न मुस्किल परेको र कार्यालयमा मसलन्दलगायतका सरसामग्रीको अभाव भएर कार्यालय सञ्चालन गर्न समस्या परेको भन्दै स्वास्थ्यकर्मीसहित अन्य कर्मचारीहरु माघ २८ गतेदेखि नगरपालिका परिसरमा अनिश्चितकालीन धर्नामा बस्दै आएका छन् ।

हरिपूर्वा नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक रामएकवाल रायले जनाए अनुसार तलब नपाएसम्म धर्नामा बाध्यतावश बस्नु परेको बताउँछन् । उनले स्वास्थ्य संस्थामा आकस्मिकबाहेक अन्य सेवा ठप्प पारेको बताए ।

तलब नपाएपछि हरिपूर्वाका शिक्षक फागुन ६ गतेदेखि सम्पूर्ण विद्यालय बन्द गरेर कर्मचारीसँगै धर्नामा बसिरहेका छन् । १० दिनदेखि विद्यालय बन्द हुँदा नगरपालिकाभित्रका १६ वटा सामुदायिक विद्यालयका विद्यार्थी पठनपाठनबाट वञ्चित बनेका छन् ।

केश्वर गरिब जनता माध्यमिक विद्यालय हरिपूर्वाका शिक्षक गंगाराम यादवले १० दिनसम्म धर्नामा बस्दा समेत आफूहरूको समस्या बुझ्न कोही नआएको गुनासो गरे ।

१० दिनदेखि विद्यालय बन्द हुँदा विशेष गरी एसइइको तयारीमा रहेका विद्यार्थी मारमा परेका छन् । हरिपूर्वा नगरपालिकाका नगरप्रमुख विनोदकुमार साह तेलीले कोष तथा लेखा नियन्त्रक कार्यालयमा कार्यालय प्रमुख नहुँदा नगरपालिकाको खाता सञ्चालन हुन नसकेको स्पष्ट पारे ।

नगरप्रमुख साहले शिक्षक, कर्मचारीको तलब र वृद्ध वृद्धालगायतको सामाजिक सुरक्षा भत्ता निकासाका लागि सम्पूर्ण तयारी भइसकेकाले कोलेनिका कार्यालयमा प्रमुख आउनासाथ आठ महिनादेखिको गाँठो फुक्ने दाबी गरे ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक निर्मल न्यौपाने फागुन १ गतेदेखि नै रमाना लिएर गएको कार्यालयले जनाएको छ ।

तत्काल आफूलाई निमित्तको जिम्मेवारी दिइए पनि आर्थिक अधिकार नरहेको कोष नियन्त्रक पुरुषोत्तम बरालले बताए । उनले हरिपूर्वा नगरपालिकाको हकमा आर्थिक कारोबार सुचारु भएपछि नगर सभाको कागजात हेरिने र त्यसपछि मात्रै थप कुरा बताउन सकिने जानकारी दिए ।

# जनकपुरधाममा खानेपानीको समस्या



**टुडे समाचारदाता**

जनकपुरधाम । खानेपानी संस्थान जनकपुरधामले पाइपमार्फत वितरण गर्ने खानेपानीबाट ८८ प्रतिशत घरधुरी अहिले पनि खानेपानीबाट वञ्चित रहेका छन् ।

जनकपुरधाम नगर क्षेत्रमा दैनिक २ करोड ५० लाख लिटर पानीको माग रहे पनि संस्थानले १२ प्रतिशत घरमा मात्र पाइपमार्फत पानी आपूर्ति गर्दै आइरहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक हेर्ने हो भने मधेश प्रदेशको राजधानी जनकपुरधाममा ४० हजार ४ सय ९ घर परिवार रहेका छन् ।

तर खानेपानी संस्थानले हालसम्म ४ हजार ६ सय ८५ घरमा मात्र धारा जडान गरेको छ । जडान गरेको धारामध्ये ४४ प्रतिशत घरमा आंशिक रुपमा मात्र पानी आउने गरेको छ । संस्थानले जनकपुरधाम उपमहानगरपालिकामा रहेका २५ वटा वडामध्ये १४ वटा वडामा ४ हजार ६ सय ८५ घरमा मात्रै धारा जडान गरिएको छ भने जडान भएको धारामध्ये ५६ प्रतिशतमा मात्रै पूर्णरुपमा पानी आउने गरेको संस्थानका प्रमुख विष्णुदेव साहले जानकारी दिए ।

संस्थानले जनकपुरधाम- १० र रामानन्द चोकमा निर्माण भएको ४ लाख ५० हजार क्षमताका दुईवटा ओभरहेड ट्यांकीमा ६ वटा डिपबोरिङबाट संकलित भूमिगत पानीलाई प्रशोधन गरी वितरण गरिरहेको छ । तर ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण ठाउँठाउँमा पाइप फुटेको, चर्केको र जीर्ण रहेकोले धेरै ठाउँमा खानेपानी पुऱ्याउन नसकिएको प्रमुख साहले बताए । सीमित बजेटका कारण ३४ वर्ष पुरानो तथा जीर्ण पाइपका कारण सबै वडामा खानेपानीको आपूर्ति गर्न सकेको छैन । करिब ५० प्रतिशत मात्रै नियमित रुपमा पानी आपूर्ति हुने गरेको छ ।

संस्थानले चालु आर्थिक वर्षमा कार्यालयभित्र एक करोड ३० लाख मूल्य बराबरको लागतमा थप ५ लाख लिटर क्षमताको ट्यांकी, ४ करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीदेखि वडा नं ८ स्थित होटल सियाशरणसम्म ६ लेन सडक छेउमा ७ किलोमिटर लामो सडकको दायाबायाँ ८, ८ इन्चको पाइप विछ्याउने कार्य गरिरहेको छ ।

सीमित स्रोतसाधन भए पनि संस्थाले ५ लाख लिटर पानी भण्डारण हुने र चालु आर्थिक वर्षमा थप एक हजार धारा जडान गर्ने लक्ष्य लिएको छ । सुख्खायामा यहाँका चपाकलहरु सुख्ने गरेका गर्छन् भने खानेपानी संस्थानले सबै ठाउँमा पानीसमेत पुऱ्याउन नसकिरहेको अवस्थामा जनकपुरधाममा निकट भविष्यमै खानेपानीको गम्भीर समस्या उत्पन्न हुने सर्वसधाराणको भनाइ छ । मधेश प्रदेशको राजधानीममै खानेपानीमा समस्या देखिए पनि यस विषयमा प्रदेश सरकार गम्भीर देखिएको छैन ।

# पर्यटन प्रवर्द्धनका लागि अयोध्या जाँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको पर्यटन प्रवर्द्धनका लागि होटल संघ नेपाल (हान)को टोली भारतको अयोध्यासहित विभिन्न स्थानमा प्रचारप्रसार तथा पर्यटन सम्बन्धी जानकारी आदान गर्ने कार्यक्रम रहेको छ ।

हानको ७० सदस्यीय टोली शनिबार जनकपुरधामसहित देशका विभिन्न स्थानबाट ४ मार्चमा भारतको अयोध्या पुग्ने कार्यक्रम रहेको छ । हानका मधेश प्रदेश अध्यक्ष विजय झुनझुनबालाका अनुसार उक्त टोली मधेश प्रदेशबाट २० जना हो टेल व्यवसायीको सहभागिता रहने छ भने बाँकी अन्य अन्य प्रदेशबाट रहने छ ।

जनकपुरधामबाट जानकी मन्दिरको दर्शन गर्दै टोलीले भारतको अयोध्याको राम मन्दिरको लागि प्रस्थान गर्ने छ । भारतको अयोध्यामा राम मन्दिरको दर्शन पश्चात जनकपुरधामको जानकी मन्दिरको दर्शनका लागि प्रचारप्रसारसमेत गर्ने कार्यक्रम रहेको उनले बताए ।

हानले 'चलो जनकपुरसे अयोध्या' भन्ने नाराका साथ उक्त भ्रमण कार्यक्रम तय गरेको उनले बताए ।

# आदिवासी जनजाति महोत्सव हुने

**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीको बर्दिबासमा आदिवासी जनजाति महोत्सवको चौँथो संस्करण यही फागुन २४ गतेदेखि सुरु हुने भएको छ । महोत्सवले सुस्त बनेको व्यापार व्यवसायलाई चलायमान बनाउनुका साथै स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धनमा योगदान पुग्ने उद्देश्यले आयोजना गरिन लागेको आयोजकले जनाएको छ ।



नेपाल आदिवासी जनजाति महासंघ बर्दिबास नगरपालिकाको संरक्षकत्वमा फागुन २४ गतेदेखि चैत ५ गतेसम्म महोत्सव आयोजना गर्ने जनाएको छ ।

स्थानीयस्तरमा बसोबास गरिरहेका मगर, भुजेल, तामाङ, नेवार, थारु, दनुवार, राई, मण्डल, माझीलगायत नौँ थरिका जनजातिको सांस्कृतिक परम्परा र सम्पदाको संरक्षण संवर्द्धनमा योगदान पुग्ने नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष धननारायण जोशीले जानकारी दिए ।

यस अवसरमा जनजातिसँग सम्बन्धित भेषभुषा, खानपान र रैथाने उत्पादनको बजारीकरणलाई प्राथमिकतामा राखिएको छ । सो महोत्सवमा १ करोड रुपैयाँभन्दा बढीको व्यापार हुने अपेक्षा रहेको जनाइएको छ । डाक बढाबढबाट १३ लाख रुपैयाँमा महोत्सवको ठेक्का बन्दोबस्ती भइसकेको छ ।

सो महोत्सवमा आफ्नो पहिचान र संस्कृति झल्कने पोसाक र पहिरनमा सहभागी हुन सबै जनजातिलाई आह्वान गरिएको छ । यो सहभागिताले ओझेलमा परेका जनजातिका पहिचान, परम्परा र संस्कृतिको संरक्षण संवर्द्धनमा मद्दत पुग्ने अध्यक्ष जोशीले बताए ।

उनले महोत्सव स्थलमा व्यापारिक प्रयोजनका १५० स्टल राखिने योजना रहेको बताए । जसमध्ये ९ स्टल आदिवासी जनजातिका विविध प्रदर्शनका लागि छुट्याइएको छ भने बाँकी रहेका १ सय ४१ स्टलमध्ये रैथाने उत्पादनका लागि निःशुल्क र स्थानीय व्यापारीका लागि २५ प्रतिशत छुटको सुविधा रहेको उनले बताए ।

महोत्सवमा स्थानीय जनजाति कलाकारले लोकनृत्य र सांस्कृतिक कार्यक्रमको तयारी गरेको जनाएका छन् ।

चौँथो संस्करणमा करिब १ लाखभन्दा बढी अवलोकनकर्ताले भ्रमण गर्ने अनुमान गरिएको छ । प्रतिव्यक्ति प्रवेश शुल्क ६० रुपैयाँ शुल्क निर्धारण गरिएको छ भने विद्यार्थीका लागि शनिबार ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ । सञ्चारकर्मी, ज्येष्ठ नागरिक र अपांगलाई भने निःशुल्क सुविधाको व्यवस्था गरिएको छ ।

बचत भएको रकमबाट मानवीय सहयोग र सार्वजनिक हितमा खर्च गरिने परिषद्का वरिष्ठ उपाध्यक्ष हर्कबहादुर तामाङले बताए ।

# गाउँपालिकाको आन्दोलन स्थगित



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिकामा जारी आन्दोलन स्थगित भएको छ । बुधबार गाउँपालिकाको कार्यालयमा चार बुँदे सहमति भएसँगै आन्दोलनका सबै कार्यक्रम स्थगित गर्ने दुवै पक्ष बीच सहमति भएको थियो ।

गाउँपालिका अध्यक्ष दिनानाथ चौधरी र वडा अध्यक्षहरु तथा संघर्ष समितिका तर्फबाट संयोजक अरुण कुमार चौधरी एवं वार्ता टोली सदस्यहरुले चार बुँदे सहमति पत्रमा हस्ताक्षर गरेको छ ।

गाउँपालिका अध्यक्ष चौधरीले गरेको इटहर्वा बजार कलौनी सितापुरको जग्गा सिफारिसलाई संशोधनसहित भूमि सुधार तथा मालपोत कार्यालय सप्तरीलाई रोक्का सिफारिस गर्ने, आन्दोलनरत पक्षबाट विगत १९ दिनदेखि जारी आन्दोलनका सम्पुर्ण कार्यक्रमहरु बुधबारबाटै फिर्ता लिने, गाउँपालिका अध्यक्षको कार्यकक्षमा लगाइएको ताल्चा खोल्ने, अब उपरान्त उक्त विषय लिएर गाउँपालिकाको कामकाजमा खलल नपुऱ्याउने साथै जनप्रतिनिधि कर्मचारी माथि अभद्र व्यवहार, गाली गलौज नगरी कुनै पनि किसिमको विवादहरु वार्ताबाट समाधान गर्ने सहमति पत्रमा उल्लेख छ ।

तत्कालीन सगरमाथा ग्रामीण एकीकृत विकास परियोजना सीतापुर प्रशवनी साविक सीतापुर (क) कित्ता नम्बर ६५ क्षेत्रफल १ विघा ३ कठ्ठा ६ धुर हाल कित्ता नम्बर ६५५ क्षेत्रफल १ विघा २ कठ्ठा १७ धुर विवादित जग्गाको रोक्का तथा घरबाटो सिफारिस गाउँपालिका अध्यक्ष चौधरीले गत माघ २८ गते भूमिसुधार तथा मालपोत कार्यालय सप्तरीलाई गरेको थियो ।

## धातु विस्फोट प्रकरणः

# पक्राउ परेकामाथि अनुसन्धान

**टुडे समाचारदाता**

बारा । बाराको निजगढ बजारको शहीद चोकमा तीन जनाको ज्यान जाने गरी सोमबार भएको शंकास्पद धातु बिष्फोट घटनामा पक्राउ परेका दुई जनामाथि प्रहरीले कर्तव्य ज्यान कसुर अन्तर्गत अनुसन्धान थालेको छ ।



बारा प्रहरीले घटनापछि पक्राउ परेका कवाड मालिका भारतीय नागरिक राज भनिने रमेश जयसवाल र निजगढ-९ का २६ वर्षीय टिकाराम पाखिङलाई हिरासतमा लिएर अनुसन्धान अघि बढाएको छ ।

उनीहरु विरुद्ध अनुसन्धानका लागि मंगलबार जिल्ला अदालतले ७ दिनको म्याद दिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

निजगढमै रहेको आफ्ना कवाडबाट कवाड मालिक रमेशले ती शंकास्पद धातुबाट तामाको तार निकाल्न लेथमा काट्न लगेपछि काट्ने क्रममा बिष्फोट हुँदा लेथ सञ्चालक रेशम मगरसहित तीन जनाको मृत्यु भएको थियो । त्यसपछि थप अनुसन्धानको क्रममा त्यस कसुरमा हिरासतमा राखिएको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताए । धातु काटिरहेको अवस्थामा बिष्फोट भएको थियो । ती बिष्फोटक धातु काट्न लग्ने कवाड मालिक रमेश र धातु बिक्री गर्ने पाखिङलाई प्रहरीले पक्राउ गरेको छ ।

बारा प्रहरीले बिष्फोटको घटनाको सुरुमा लेथमा ग्याँस सिलिण्डर पडकेर भएको बताए पनि पछि शंकास्पद धातु बिष्फोट भएको दाबी गर्दै घटनाको अनसन्धान गरिरहेको छ । बिष्फोटक धातुको यकिन हुन सकेको छैन । उनले बिष्फोटक धातुको परीक्षणपछि यकिन हुना साथ बिष्फोटक पदार्थ कसुर अन्तर्गतसमेत अनुसन्धान गरिने बताए ।

बिष्फोटबाट कबाड मालिक रमेशसमेत घाइते भएर उनको अनुहार जलेको छ । उनी प्रहरी हिरासतमा छन् । उनी एम्बुलेन्समा भारत भाग्ने क्रममा कोल्हबीबाट र पाखिङ निजगढबाट पक्राउ परेका छन् ।

'धातुको 'फोरेन्सिक' परीक्षणपछि यकिन हुन्छ,' प्रहरी नायब उपरीक्षक न्यौपानेले भने, 'कबाड साहुले तामा निकाल्ने लोभमा धातु लिएर लेथमा काट्न लगेका थिए ।'

> 'धातुको 'फोरेन्सिक' परीक्षणपछि यकिन हुन्छ,' प्रहरी नायब उपरीक्षक न्यौपानेले भने, 'कबाड साहुले तामा निकाल्ने लोभमा धातु लिएर लेथमा काट्न लगेका थिए ।'

प्रहरी नायब उपरीक्षक न्यौपानेकाअनुसार वर्कशपका सञ्चालक निजगढ नगरपालिका- ५ का ४५ बर्षीय रेशम मगर, वीरगञ्ज महानगर ९ का २० बर्षीय रितु रजत र भारत, विहार गवाईका ३५ वर्षीय राकेश जयसवालको मृत्यु भएको थियो । घटनामा अर्का एक भारतीय नागरिकसहित तीन जना घाइते भएको उनले बताए । उनले रेशम र राकेशको सोमबार मृत्यु भयो भने रितुको मंगलबार मृत्यु भएको बताए ।

भारत विहार रमघडवाका घाइते २० वर्षीय अरबिन साहको बयोधा अस्पतालमै आइसीयूमा चिन्ताजनक अवस्थामा उपचार भइरहेको छ । अन्य घाइते वीरगञ्ज- ९ कै ३४ वर्षीय फिरोद देवान र गम्भीर घाइते अरबिनको पनि बयोधा अस्पतालमै उपचार भइरहेको छ । समान्य घाइते भएका निजगढ- ५ का अर्का ४५ वर्षीय सुर्यबहादुर थापाको निजगढको सामुदायिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# साना उद्यमीलाई दिगो बनाउन तालिम

**टुडे समाचारदाता**

जनकपुरधाम । साना उद्यमीहरुलाई दिगो बनाउने र खाद्य गुणस्तरीयताका लागि सफल उद्यमी बनाउने उदेश्यका साथ तीन दिने खाद्य प्रशोधन सम्बन्धी तालिम सम्पन्न भएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामको आयोजनामा संचालन गरिएको तीन दिने प्रशिक्षण कार्यक्रममा साना उद्यमीहरुलाई विभिन्न किसिमको खाद्य सम्बन्धी घरेलु समाग्री बनाउनका लागि प्रशिक्षण दिइएको छ । कार्यक्रमबाट प्रशिक्षित भएका उद्यमीहरुलाई बुधबार जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले प्रमाणपत्र प्रदान गरेका थिए। प्रमाणपत्र वितरण कार्यक्रममा बोल्दै अध्यक्ष महासेठले तालिमले साना उद्यमीहरुलाई जीविकोपार्जनमा सहयोग पुग्नुका साथै आत्मविश्वास पनि बढ्ने बताए ।

सो कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख हस्तबहादुर राईले सहभागीहरुले सिकेका खाद्य वस्तुहरुलाई प्रयोगमा ल्याएर आ-आफ्नो उद्योग संचालन गर्न आग्रह गरेका थिए । उनले यसबाट आत्मविश्वास बढ्नुका साथै आर्थिकरुपमा पनि सवल हुने भएकोले यसलाई प्रयोगमा ल्याउन सबैसँग आग्रह गरेका थिए ।

तीन दिनसम्म संचालन भएको खाद्य प्रसोधन सम्बन्धी तालिममा साना उद्यमीहरुको सहभागिता रहेको थियो ।

# टुहुरा मुसहर बालबालिकालाई सहयोग

**बृजमान तामाङ**

राजविराज । सप्तरीको रुपनी गाउँपालिकाका- ४ का टुहुरा मुसहर बालबालिकालाई आवास सहयोग गरिएको छ ।

स्थानीय स्वर्गीय सुगेश्वरी देवी सदा र फुलचन्द सदाको छोराछोरीलाई आवास तथा जीवन निर्वाह गर्ने उद्देश्यले पसल संचालनका लागि सहयोग गरिएको छ ।

रुपनी गाउँपालिका- ६ का वडा अध्यक्ष बद्री नारायण सरदारको अध्यक्षता तथा रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवको प्रमुख आतिथ्यमा बुधबार आयोजित कार्यक्रममा स्वर्गीय सदा दम्पतीको छोराछोरीलाई आवास र किराना पसल संचालनका लागि सहयोग गरिएको छ ।

जीवन विकास लघुवित्त वित्तीय संस्थले सहयोग गरेको हो ।

सो कार्यक्रममा बोल्दै अध्यक्ष यादवले विपन्न टुहुरा बालबालिकालाई सहयोग गरेको भन्दै संस्थालाई धन्यवादसमेत दिए । दलित विपन्न परिवारको उद्धार हुने गरी भएको सहयोगले गाउँपालिकाको विकास र समृद्धिको यात्रामा सहयोग पुगेको उनले बताए ।



संस्थाका संस्थागत तथा सामाजिक विभाग प्रमुख विजय कुमार मण्डलले संस्थाको वार्षिकोत्सवको अबसरमा टुहुरा बालबालिकालाई बास र गाँस सहयोग होस् भन्ने उदेश्यले सानो सामाजिक कार्य गरिएको बताए । उनले संस्थाको तर्फबाट मुसहर बालबालिकाको लागि निशुल्क ( पढाई ) ट्युसनको व्यवस्था मिलाउने बताए ।

आवास निर्माणमा ४० हजार रुपैयाँ नगदसहित ५० भन्दाबढी विभिन्न व्यक्तिहरुले श्रमदान गरी आवास निर्माणको कार्यलाई अन्तिम चरणमा पुऱ्याएको उनले बताए ।

घर भाडामा

जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर २ वकिल टोलको मुखमा भानुचोकसँगै रहेको ३ बेडरुम, १ हल, किचेन, बाथरुम, कारपार्किंगको सुविधा सहितको आधुनिक घर भाडाका लागि खाली छ । लिने इच्छुक व्यक्ति वा संस्थाले निम्न नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

सम्पर्क नं.:-

९८५१०७७२७६ र ९८१००७७२७६

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

लेखापाल - २ (दुई) जना

(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८